मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव
- प्रगति ढकाल - तराईमा शीतलहरः बढ्दो जोखिममा पूर्वतयारी सुस्त
- रमेश गिरी - कहिले सम्पन्न होला भक्तपुर–नगरकोट सडक ?
- डा शोभाकर पराजुली - संसद्लाई संसद्जस्तै रहन दिऔँ

वर्ष ३ ● अंक ६२ ● २०८१ साल पुष २७ गते शनिबार ● Saturday 11, January 2025 ● सूर्योदयः बिहान ६:५६ बजे ● सूर्यास्तः साँझ ५:२८ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# के छ देशको ढुकुटीको अवस्था ?

आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७ दशमलव छ महिनाको वस्तु आयात र १४ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह तीन दशमलव छ, विकास बैंकहरूको दुई दशमलव सात र वित्त कम्पनीहरूको कर्जा प्रवाह चार दशमलव तीन प्रतिशत मात्र बढेको छ ।




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आमनागरिकमा निरासा छ । चरम निरासा, अभाव, आक्रोश, वैदेशिक पलायनसँगै देश कमजोर भएको र आर्थिक अवस्था बिग्रँदै गएको भनेर चर्चा पनि भइरहेको छ । के साँच्चै देश त्यस्तै छ ? नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मंसिर मसान्तसम्मका विवरणमा मुलुकको चालु खाता बचतमा छ । विदेशी विनिमय सञ्चिति २२ खर्ब ७३ अर्ब छ । बैंकले विप्रेषण आप्रवाहमा पनि उल्लेख्य सुधार भएको जनाएको छ ।

चालु खाता एक खर्ब ४० अर्ब ७१ करोड रुपैयाँले बचतमा छ । अघिल्लो वर्ष यही अवधिमा चालु खाता एक खर्ब ४१ अर्ब तीन करोड रुपैयाँले बचतमा थियो । यो अवधिमा खुद पुँजीगत ट्रान्सफर तीन अर्ब ५० करोड रुपैयाँ छ । अघिल्लो वर्ष यही अवधिमा यस्तो ट्रान्सफर दुई अर्ब ८७ करोड रुपैयाँ थियो । मङ्सिर मसान्तसम्ममा छ अर्ब तीन करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक (इक्विटीमात्र) लगानी भित्रिएको छ । अघिल्लो वर्ष यो अवधिमा यस्तो लगानी तीन अर्ब ९३ करोड रुपैयाँ थियो । चालु आर्थिक वर्षका पाँच महिनामा शोधनान्तर स्थिति दुई खर्ब २५ अर्ब ३४ करोड रुपैयाँले बचतमा छ । अघिल्लो वर्ष यही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब १६ अर्ब पाँच करोड रुपैयाँ बचतमा थियो ।

नेपाल राष्ट्र बैंकलाई हवाला दिँदै राससले सार्वजनिक गरेको समाचारमा आर्थिक स्थिति सुधारात्मक नै देखिएको छ । असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँ बराबर रहेको विदेशी विनिमय सञ्चिति पाँच महिनामा ११ दशमलव चार प्रतिशत वृद्धि भएको छ । अमेरिकी डलरमा सञ्चिति पाँच महिनामा बढेर १५ अर्ब २७ करोड रुपैयाँबाट नौ दशमलव सात प्रतिशत वृद्धिसहित १६ अर्ब ७६ करोड डलर पुगेको छ । नेपाल राष्ट्र बैंकसँग सञ्चिति २० खर्ब ३३ अर्ब २७ करोड रुपैयाँ छ भने अन्य बैंक तथा वित्तीय संस्थासँग विदेशी विनिमय सञ्चिति दुई खर्ब ४० अर्ब छ । मङ्सिर मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव आठ प्रतिशत छ ।

आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७ दशमलव छ महिनाको वस्तु आयात र १४ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । यसैगरी, विप्रेषण आप्रवाह चार दशमलव चार प्रतिशत वृद्धि भएर छ खर्ब ४० अर्ब ४३ करोड रुपैयाँ पुगेको छ ।

पाँच महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको संख्या एक लाख ९० हजार तीन सय ८४ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ३५ हजार चार सय २५ छ ।

यस्तै, नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको पाँच महिनामा एक सय २४ खर्ब रुपैयाँ भन्दा बढीको तरलता प्रशोचन गरेको छ । राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्मको देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा निक्षेप सङ्कलन बोलकबोलमार्फत ११ खर्ब ११ अर्ब ८५ करोड रुपैयाँ र स्थायी निक्षेप सुविधामार्फत एक सय १३ खर्ब ३२ अर्ब ४५ करोड रुपैयाँसहित एक सय २४ खर्ब ४४ अर्ब ३० करोड रुपैयाँ तरलता प्रशोचन गरिएको छ । यो कारोबारमा आधारित तरलता प्रशोचन हो ।

अघिल्लो वर्ष यही अवधिमा ओभरनाइट तरलता सुविधा र स्थायी तरलता सुविधालगायत उपकरणमार्फत खुद तीन सय ८६ अर्ब ८६ करोड रुपैयाँ तरलता प्रवाह गरिएको थियो । यस अवधिमा राष्ट्र बैंकले विदेशी विनिमय बजारमा वाणिज्य बैंकबाट अमेरिकी डलर दुई अर्ब २३ करोड खरिद गरी दुई खर्ब ९९ अर्ब ९५ करोड रुपैयाँ तरलता प्रवाह गरेको छ । त्यस्तै, यो अवधिमा अमेरिकी डलर एक अर्ब ६४ करोड बिक्री गरी दुई खर्ब २१ अर्ब एक करोड रुपैयाँ बराबरको भारतीय रूपैयाँ खरिद भएको राष्ट्र बैंकले जनाएको छ ।

चालु आर्थिक वर्षको पाँच महिनामा वाणिज्य बैंकहरूको छ खर्ब आठ अर्ब ५५ करोड रुपैयाँ र अन्य वित्तीय संस्था (वाणिज्य बैंकहरूबीच बाहेक) को ७८ अर्ब ८१ करोड रुपैयाँ गरी कूल छ खर्ब ८७ अर्ब ३६ करोड रुपैयाँको अन्तर–बैंक कारोबार भएको छ । बैंक वित्तीय संस्थाको निक्षेप परिचालन र कर्जा प्रवाह अत्यन्तै सुस्त देखिएको छ । पछिल्लो पाँच महिनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप एक खर्ब ७२ अर्ब ३२ करोड रुपैयाँ अर्थात् दुई दशमलव सात प्रतिशत मात्रै बढेको छ ।

यो अवधिमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा एक खर्ब ७८ अर्ब २९ करोड रुपैयाँ अर्थात् साढे तीन प्रतिशत बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा एक खर्ब १० अर्ब १ करोडले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा मङ्सिर मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्पm प्रवाहित कर्जा सात प्रतिशत बढेको छ । मङ्सिर मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैरवित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६४ दशमलव एक प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३५ दशमलव नौ प्रतिशत छ । गत आर्थिक वर्षको यही अवधिमा यस्तो अंश क्रमशः ६३ दशमलव एक प्रतिशत र ३६ दशमलव नौ ९ प्रतिशत थियो ।

यो अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह तीन दशमलव छ, विकास बैंकहरूको दुई दशमलव सात र वित्त कम्पनीहरूको कर्जा प्रवाह चार दशमलव तीन प्रतिशत मात्र बढेको छ । मङ्सिर मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु) को सुरक्षणमा १३ दशमलव पाँच प्रतिशत छ भने घरजग्गा धितो सुरक्षणमा ६६ दशमलव एक प्रतिशत छ ।

पछिल्लो पाँच महिनामा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा पाँच दशमलव चार, निर्माण क्षेत्रतर्फको कर्जा तीन दशमलव पाँच र थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा तीन दशमलव आठ प्रतिशतले बढेको छ । त्यस्तै, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा तीन दशमलव छ, सेवा उद्योग क्षेत्रतर्फको कर्जा पाँच र उपभोग्य क्षेत्रतर्फको कर्जा तीन दशमलव छ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा भने शून्य दशमलव सात प्रतिशतले घटेको छ ।

चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा मुद्रास्फीतिले वाञ्छित सीमा नाघेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मङ्सिर मसान्तसम्मको देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा मङ्सिरमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति छ दशमलव शून्य पाँच प्रतिशत छ । अघिल्लो वर्ष सोही अवधिमा मुद्रास्फीति चार दशमलव नौ पाँच प्रतिशत थियो । चालु आर्थिक वर्षमा सरकारले मुद्रास्फीतिलाई पाँच दशमलव पाँच प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको छ ।

गैरखाद्य वस्तुभन्दा खाद्य वस्तुमा मूल्यवृद्धि उच्च देखिएको छ । मङ्सिरमा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति नौ दशमलव ९९ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ९२ प्रतिशत छ । अघिल्लो वर्ष सोही अवधिमा यी समूहको मुद्रास्फीति क्रमशः पाँच प्रतिशत र चार दशमलव ९२ प्रतिशतले वृद्धि भएको थियो ।

राष्ट्र बैंकका अनुसार खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ४३ दशमलव शून्य पाँच प्रतिशत, दाल तथा गेडागुडीको १० दशमलव ६६ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव सात प्रतिशत र घ्यू तथा तेलको नौ दशमलव तीन नौ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, मरमसला उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव एक आठ प्रतिशत र चिनी तथा चिनीजन्य पदार्थको शून्य दशमलव आठ तीन प्रतिशतले घटेको छ ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क सात दशमलव नौ आठ प्रतिशत, मदिराजन्य पेयपदार्थको सात दशमलव शून्य एक प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव सात पाँच प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको पाँच दशमलव दुई नौ प्रतिशत वृद्धि भएको छ ।

मङ्सिरमा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क छ दशमलव पाँच दुई प्रतिशतले वृद्धि भएको छ भने शहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क पाँच दशमलव आठ नौ प्रतिशतले वृद्धि भएको छ । प्रदेशगत रुपमा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति सात दशमलव ३६, मधेश प्रदेशको छ दशमलव सात सात, बागमती प्रदेशको पाँच दशमलव आठ चार, गण्डकी प्रदेशको चार दशमलव आठ एक, लुम्बिनी प्रदेशको पाँच दशमलव पाँच तीन, कर्णाली प्रदेशको चार दशमलव एक नौ र सुदूरपश्चिम प्रदेशको छ दशमलव छ छ प्रतिशत छ ।

यस अवधिमा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव आठ दुई, तराईको छ दशमलव तीन एक, पहाडको पाँच दशमलव छ पाँच र हिमालको छ दशमलव पाँच आठ प्रतिशत छ । मङ्सिरमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति छ दशमलव पाँच दुई प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति दुई दशमलव छ तीन प्रतिशत थियो । यो अवधिमा निर्माण सामग्रीको थोक मुद्रास्फीति चार दशमलव एक चार प्रतिशतले घटेको छ ।

# महानगरको सोह्रौँ अधिवेशन सम्पन्न

नक्सा पास नगरी निर्माण भएका पुराना घरको अभिलेखीकरण चैत मसान्तसम्म गराउँदा ५० प्रतिशत जरिवाना छुट दिने प्रस्ताव पनि नगरसभाबाट पारित भएको छ ।




**मधेशदृष्टि**
**वीरगज ।**
वीरगंज महानगरपालिकाको १६ औँ अधिवेशन शुक्रबार भएको छ । नगरसभाको १६ औँ अधिवेशन महानगर प्रमुख राजेशमान सिंहले उद्घाटन गर्दै नगरबासीको चाहनालाई सम्बोधन गर्न सकिने गरी नगरसभाको १५ औं अधिवेशनले लिएको लक्ष्य साकार पार्न चालू आर्थिक वर्षको संशोधित कार्यक्रम तयार पारिएको बताए । उनले चालू आर्थिक वर्षका लागि नगरसभाले स्वीकृत गरेको नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनको सम्बन्धमा अर्धवार्षिक समीक्षा गर्दै स्वीकृत आयोजना तथा कार्यक्रममध्ये केही आयोजना तथा कार्यक्रम सम्पन्न गर्न बजेट नपुग भई थप बजेट आवश्यक परेकाले बजेट रकमान्तरण, स्रोतान्तरण तथा संशोधन गर्न नगरसभामा प्रस्ताव पेश गरिएको बताए । उनले बजेट कार्यान्वयनका लागि आर्थिक ऐन २०८१ मा संशोधन गर्न बनेको आर्थिक विधेयक विनियोजन ऐन २०८१ मा समावेश भएका आर्थिक वर्ष २०८१–८२ को वार्षिक बजेट तथा कार्यक्रम रकमान्तरण, स्रोतान्तरण, बजेट थपघट एवम् योजना तथा कार्यक्रम परिमार्जन गरी संशोधन गर्न बनेको विनियोजन विधेयक २०८१, विज्ञापन करसम्बन्धी विधेयक २०८१, वीरगंज महानगरपालिकाको संगठन संरचना तथा दरबन्दी परिमार्जनसम्बन्धी प्रस्ताव र सहकारी ऐन २०७४ मा संशोधन गर्न बनेको सहकारी विधेयक २०८१ नगरसभा समक्ष पेश गरेका थिए ।

नगरप्रमुख सिंहले पेश गरेको विधेयक तथा प्रस्ताव नगरसभाको १६ औँ अधिवेशनले सर्वसम्मतले पारित गरेको छ । नक्सा पास नगरी निर्माण भएका पुराना घरको अभिलेखीकरण चैत मसान्तसम्म गराउँदा ५० प्रतिशत जरिवाना छुट दिने प्रस्ताव पनि नगरसभाबाट पारित भएको छ । जरिवाना छुटको लाभ उठाउँदै निर्माण भएका संरचनाको अभिलेखीकरणका लागि आउँदो चैत महिनाभित्र निवेदन दिइसक्न सम्पूर्ण नगरबासीलाई महानगर प्रमुख सिंहले आग्रह गरे ।

नगर प्रमुख सिंहले वैभव वीरगंज बनाउने अभियानमा वीरगंजका जनप्रतिनिधि एकजुट भएको र आगामी दिनमा अझ जनताका समस्या समाधान गर्न आफूलाई थप ऊर्जा प्राप्त भएको बताए । सुन्दर, समुन्नत, समृद्ध र वैभवशाली वीरगंज निर्माण गर्ने लक्ष्यका साथ महानगरको टिम अगाडि बढेको उनले बताए ।

नगरसभाको १६ औँ अधिवेशनमा उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, वीरगंज महानगरपालिकाका ३२ वडाका वडाअध्यक्षहरु, वडा सदस्यहरु, महानगरपालिकाका कार्यपालिका सदस्यहरु, महानगरका कर्मचारीलगायतको सहभागिता थियो ।

# प्रतिपक्षी तीन दलका अध्यक्षहरूको भेट

**काठमाडौँ ।**
प्रतिपक्षी तीन राजनीतिक दलका अध्यक्षहरुको शुक्रबार नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को संसदीय कार्यालय सिंहदरबारमा भेटवार्ता भएको छ ।



माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) अध्यक्ष माधवकुमार नेपाल र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच मुलुकको समसामयिक राजनीति, विपक्षी दलहरूबीचको एकता, संविधान संशोधन गर्ने प्रतिबद्धतासाथ गठन भएको वर्तमान सरकारका सरकारका गतिविधि लगायत विषयमा छलफल भएको राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता राजाराम श्रेष्ठले जानकारी दिए ।

# वडाध्यक्षसहित तीनजना दोषी ठहर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–२४ का वडाध्यक्ष उपेन्द्र सहनीसहित ३ जना भ्रष्टाचारको आरोपमा दोषी ठहर भएका छन् । विशेष अदालतले गरेको फैसलामा वडाध्यक्ष सहनीसँगै वडा सचिव उपेन्द्र साह र कार्यालय सहयोगी विजय मण्डललाई दोषी ठहर्याइएको हो । अदालतले वडाध्यक्ष सहनीलाई ६ महिना कैद र २ लाख २५ हजार रुपैयाँ जरिवाना तोकेको छ । त्यस्तै, वडा सचिव साह र कार्यालय सहयोगी मण्डललाई जनही १ लाख १२ हजार ५ सय रुपैयाँ जरिवानासहित ६ महिना कैद फैसला गरेको छ । भदौ २५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले वडाध्यक्ष सहनी, वडा सचिव साह र कार्यालय सहयोगी मण्डललाई पक्राउ गरेको थियो । उनीहरूले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–२४ का एक सेवाग्राहीसँग घरबाटो सिफारिस गरेवापत घुस लिएका थिए ।

# नवजात शिशु बेवारिसे अवस्थामा फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका–२ स्थित बंकुल खोलाको बगरमा एक नवजात शिशु बेवारिसे अवस्थामा फेला परेको छ ।

स्थानीय हिरालाल महतोले बगरमा छोरी शिशुलाई जीवित अवस्थामा फेला पारेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरी चौकी रङपुर टाडीका सहायक निरीक्षक रामबाबु यादवको टोलीले शिशुलाई सुरक्षित रूपमा उद्धार गरी हिरालाल महतोको जिम्माबाट आफ्नो निगरानीमा राखेको छ । प्रहरीले शिशुको स्वास्थ्य अवस्था सामान्य रहेको र थप स्वास्थ्य सुरक्षाका लागि वीरगंजको नारायणी अस्पतालमा भर्ना गरिएको जनाएको छ । इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रमुख प्रहरी निरीक्षक प्रकाश थापाको नेतृत्वमा थप अनुसन्धान अघि बढाइएको छ । शिशुको पृष्ठभूमि, फालिनुको कारण, र यस घटनामा संलग्न व्यक्तिहरूको पहिचानका लागि अनुसन्धान तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । घटनाले स्थानीय क्षेत्रमा चासो र चिन्ता बढाएको छ । स्थानीय बासिन्दाले शिशुको भविष्य सुरक्षित गर्न र घटनामा संलग्न दोषीलाई कानूनी कारबाही गर्न माग गरेका छन् ।

# एक ट्रक भैंसी र पाडा नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका–४ मा अवस्थित पाडा बजारबाट सशस्त्र प्रहरीले एक ट्रक भैंसी र पाडा नियन्त्रणमा लिएको छ । भारतबाट भन्सार छलेर अवैध रूपमा भित्र्याइएको भैंसी र पाडाहरू ट्रकमा लोड गरेर बाराको जितपुर हुँदै काठमाडौं पठाउने तयारी भइरहेको सूचना स्थानीयवासीले सशस्त्र प्रहरीलाई दिएका थिए । सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट भीखमपुरबाट सशस्त्र प्रहरी नायब उपरीक्षक रमेश गुरुङको नेतृत्वमा खटिएको टोलीले ना ७ ख ६२८० नम्बरको ट्रकमा लोड गरिएका भैंसी र पाडासहित दुई जना मानिसलाई पनि नियन्त्रणमा लिएको हो ।

सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको उक्त ट्रकमा ११ वटा भैंसी र ९ वटा पाडा रहेको सशस्त्र प्रहरी नायब उपरीक्षक गुरुङले जानकारी दिए । भारतबाट भन्सार राजश्व छलेर अवैध रुपमा भित्र्याइएको आशंकामा भैंसी र पाडासहितको उक्त ट्रक नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी नायब उपरीक्षक गुरुङले बताए। नियन्त्रणमा लिइएका भैंसी र पाडा जितपुरका कारोबारी सदाब हुसेनको रहेको अनुसन्धानका क्रममा खुलेको गुरुङले बताए ।

# कांग्रेसका ३७ विभागमा सचिव मनोनीत

**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको विधान बमोजिम पार्टीको ३७ विभागमा सचिव मनोनीत गरेका छन् ।

उनले शुक्रबार प्रदेश समन्वय विभागको सचिवमा डा. रघु काफ्ले, महिला विभागमा कविता इटनी, सूचना, सञ्चार तथा प्रचार विभागमा गोपाल झा, वातावरण तथा जलवायु परिवर्तन सरोकार विभागमा इञ्जिनियर समीक्षा चौधरी, उद्योग तथा व्यापार विभागमा धुरव खड्का, सहकारी विभागमा चन्द्रप्रसाद ढकाल, पेशागत तथा वुद्धिजीवी विभागमा विजय तुम्वाहाम्फे, तराई–मधेश समन्वय विभागमा मनोजकुमार दास, दलित समुदाय समन्वय र सशक्तिकरण विभागमा दीपक सोनी, धर्म–संस्कृति समन्वय विभागमा इन्द्रमान तुलाधर, वित्तीय संस्था समन्वय विभागमा सिए दिलमानसिंह चन्दलाई मनोनीत गरेको पार्टी कार्यालयले जनाएको छ ।

त्यसैगरी, थारू विभागमा हल्लुप्रसाद चौधरी, द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप विभागमा हेमलाल पुन, स्थानीय तह समन्वय विभागमा लेखनाथ पोखरेल, निर्माण व्यवसाय समन्वय विभागमा एडी लामा, कानून विभागमा अधिवक्ता कलमबहादुर खत्री, खेलकुद विभागमा राजन केसी, शुभेच्छुक संस्था समन्वय विभागमा निर्मला क्षेत्री, संसदीय मामिला विभागमा बासु कार्की, गैरसरकारी संस्था समन्वय विभागमा प्रल्हादबाबु पन्त, आदिवासी जनजाति विभागमा पासाङ शेर्पा, भूपू सैनिक विभागमा सुनिता लामिछाने, स्वास्थ्य विभागमा ईश्वर कार्की मनोनीत भएका छन् ।

पिछडिएको क्षेत्र समन्वय विभागमा उत्तम सिम्खडा, आपूर्ति तथा उपभोक्ता विभागमा मनोहरि तिवारी, श्रमिक तथा ट्रेड युनियन विभागमा डीपी अर्याल, आर्थिक नीति तथा योजना विभागमा नवीन खनाल, विज्ञान तथा सूचना प्रविधि विभागमा इ.सरोज धिताल, पुस्तकालय तथा पार्टी अध्ययन–स्रोत केन्द्र विभागमा विपिन किरण, अपाङ्गता भएका व्यक्ति र समुदाय समन्वय एवम् उत्प्रेरणा विभागमा भोजराज श्रेष्ठ, भूमि व्यवस्था तथा भूमिहीन, अव्यवस्थित बसोबास समन्वय विभागमा वीरेन्द्र थापा, व्यावसायिक सीप विकास विभागमा सुभाष कोइराला, पूर्वआप्रवासी समन्वय विभागमा सुभाषप्रसाद लोहनी, साहित्य, कला तथा संस्कृति विभागमा रिसवदेव घिमिरे, बालबालिका तथा किशोर–किशोरी समन्वय विभागमा रञ्जिता यादव, मानव अधिकार विभागमा डा. वासुदेव गिरी र उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभागमा खगेन्द्र आचार्य मनोनीत भएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । रासस


## शिलबन्दी कोटेशन सम्बन्धी सूचना:

यस बैंकको लागि नयां सरभर (Server) खरिद गर्नुपर्ने भएकोले ईच्छुक सप्लायर्स/डिलर्सले तोकिएको स्पेसिफिकेशन बमोजिमको शिलबन्दी कोटेशन यो सूचना प्रकाशित भएको १५ दिन भित्र यस बैंकको गीता मंदिर रोड, बिरगंज स्थित प्रधान कार्यालयको प्रशासन विभागमा पेश गर्नुहुन अनुरोध छ । साथै कोटेशन स्वीकृत भएको खण्डमा १५ दिन भित्र सामान डेलिभरी दिन सक्नेले मात्र कोटेशन पेश गर्नुहुन अनुरोध छ ।

**Details:**

| | |
|---|---|
| Brand/Model | Dell Power Edge R760xs |
| Form Factor | 2U Rack, Dual Socket |
| Chassis Configuration | 2.5" Chassis with up to 16 Hard Drives (SAS/SATA) |
| Processor | 1 x Intel Xeon Gold 5416S 2G, 16C/32T, 16GT/s, 30M Cache, Turbo, HT (150W) DDR5-4400 |
| Memory | 2 x 64GB RDIMM, 5600MT/s, Dual Rank |
| Storage | 4 x 1.92TB SSD SATA, Read Intensive 6Gbps 512 2.5in Hot-Plug |
| RAID | PERC H755 SAS Front |
| NIC | Power Edge R760xs Motherboard with Broadcom 5720 Dual port 1GB On-Board LOM<br>Broadcom 57414 Dual Port 10/25GbE SFP28 Adapter<br>Broadcom 57416 Dual Port 10GbE BASE-T Adapter |
| Power Supply | Dual, Hot-Plug, Power Supply Fully Redundant (1+1), 800W, Mixed Mode, NAF |
| Embedded System Management | iDRAC9, Enterprise 16G |
| Rail Kit | Ready Rails Sliding Rails Without Cable Management Arm |
| Warranty | 3 years Warranty |

**Note: Submit quotation with Installation and Configuration, migration charge.**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

सम्पर्क विवरण
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
गीतामंदिर रोड, बिरगंज, पर्सा
सम्पर्क नं. ०५१-५३१०३१


# पन्ध्र महिनादेखि विपिन जोशीको सकुशल फिर्ती प्रतीक्षा

**कञ्चनपुर ।**
सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान विषयमा 'अर्न एन्ड लर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका विपिन जोशीलाई हमासले नियन्त्रणमा लिएको १५ महिना बितेको छ । छोरासँग सम्पर्क टुटेको १५ महिना भइसक्दा पनि छोराबारे कुनै खबर नआउँदा जोशी परिवारका आँखा ओभाएका छैनन् । पढाइसँगै कमाइ गर्न इजरायल पुगेका विपिनसँग सम्पर्क टुटेदेखि बुबा महानन्द, आमा पद्मा र बहिनी पुष्पा विरक्त छन् ।

मोबाइलमा समाचार हेर्दै विपिनको सुखद् खबरको आशामा दिन बित्न थालेका छन् । छोराको अवस्थाबारे बेखबर विपिनका बुबाआमाले भीमदत्त नगरपालिका–३ स्थित आफ्नै निवासमा विपिनको सकुशल रिहाइको कामना गरिरहेका छन् । जोशी परिवार विपिनको सकुशल घर फिर्तीको पर्खाइमा छ । 'छोरा आउने आशामा १५ महिना बितिसके, छोरा विपिनलाई सकुशल कहिले ल्याइदिने हो सरकार ?,' विपिनका आमा पद्माले भनिन्, 'छोरालाई सकुशल घर ल्याउन सरकारले पहल गरिदेओस् ।' जोशी परिवारले छोराको रिहाइका लागि सरकारसँग अनुनय गरिरहेको छ । छोराको रिहाइका लागि मन्त्री, परराष्ट्रमन्त्री, प्रधानमन्त्री, राजदूत सबैलाई भेटेर विपिनको रिहाइका लागि अनुनय गरिसकेका छन् ।

हमासले ३४ जना बन्दी छोड्ने खबरले आमाबुबाको मलिन अनुहारमा थोरै भए पनि खुसीका रेखा देखा परे । तर जब त्यो लिष्टमा छोरा विपिनको नाम छैन भन्ने समाचार आयो अनुहार निन्याउरा भए । 'अहिलेसम्म अन्य देशका नागरिक धेरै छुटिसके,' आमा पद्माले भनिन्, 'अब छुट्ला अब छुट्ला भन्दाभन्दै आशामै डेढ वर्ष बितिसके ।' हमास समूहले इजरायलको दक्षिणी क्षेत्रस्थित अलिमुम, किबुजबाट नियन्त्रणमा लिएको इजरायल सरकारले जानकारी गराएको थियो। त्यसयता विपिनको अवस्था अज्ञात छ। अध्ययनसँगै कमाइ गर्ने कार्यक्रमअन्तर्गत सुदूरपश्चिम विश्वविद्यालयमा ३९ विद्यार्थी इजरायल गएका थिए।

त्यहाँ पुगेको एक महिनामै हमास समूहले आक्रमण गरेको थियो। हमासको आक्रमणमा परी १० नेपाली विद्यार्थीको ज्यान गएको थियो। 'अरू देशका नागरिक बेलाबेला छुटिरहेका छन्, हाम्रो सरकारको पहल पुगेन कि ?' विपिनका बुबा महानन्दले भने, 'मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिसम्म सबैलाई भेटेर छोराको रिहाइका लागि अनुनय गरिसक्यौँ ।' उनले सबैबाट पहल गरिरहेका छौँ बाहेकको जवाफ नसकेको बताए ।

'जसरी हुन्छ सरकारले छोरोको रिहाइलाई पहल गरिदिनुपर्यो,' जोशीले भने, 'सरकारले कतारसँग कूटनीतिक पहल गरिदिए छोराको रिहाइ हुन्थ्यो कि ।' कात्तिकमा प्रधानमन्त्री, गृहमन्त्री र परराष्ट्रमन्त्रीलाई पनि भेटेका जोशी परिवारले छोराको रिहाइका लागि आग्रह गरिसकेका छन्। कतारका राजा आमिर तमिमबिन हमाद अल थानी नेपाल भ्रमणमा आउनुअघि पनि विपिनका परिवारले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर रिहाइका लागि पहल गरिदिने आग्रह गरेका थिए।

'जसले बढी पहल गऱ्यो उसले पनि त्यही देशका नागरिक पहिला रिहा गर्ने हो,' बुबा महानन्दले भने, 'नेपाल सरकारले कतारसँगै बढी पहल गर्नुपर्छ ।' गत सोमबार मात्र विपिनका परिवार र आफन्तले विपिनको तस्बिर सामाजिक सञ्जालमा राख्दै जन्मदिनको शुभकामना दिँदै सकुशल रिहाइका लागि अनुनय गरेका छन् । परिवारका सदस्यले सरकारको तर्फबाट कूटनीतिक पहल हुन नसकेको भन्दै विपिनको रिहाइका लागि सरकारसँग आग्रह गरेका छन् । 'अहिले पनि विपिन सकुशल फर्केर आउनेमा पूरा विश्वास छ,' विपिनका दाजु किशोर जोशीले भने, 'सरकारले पहल गरिदियो भने चाँडै आउने थियो, तर सरकारको पहल पुगेन कि भन्ने महसुस भएको छ ।' उनले अन्य मुलुकले आफ्ना देशका नागरिकलाई रिहाइ गरिसक्दा नेपालले एकजना नागरिकसमेत रिहा गर्न नसकेको बताए ।

उनी भन्छन्, 'हामीले भेट्न बाँकी मन्त्री, प्रधानमन्त्री कोही छैन सबैले प्रयास भइरहेको छ भन्नुहुन्छ । युद्धविराम हुँदा अन्य देशका नागरिक छुट्दैछन् हाम्रोचाहिँ पहल नै पुगेनजस्तो लागेको छ ।' केही दिनअघि इजरायल र हमासबीच युद्धविराम हुने खबर आएपछि विपिनको परिवार उनको रिहा हुने आशामा थियो । तर हमासले रिहा गर्ने ३४ जनाको लिष्टमा विपिनमा नाम समावेश नभएको खबर पाएपछि परिवार विरक्त छ ।

**कतार र इजिप्टलाई मध्यस्थताका निम्ति अनुरोध**

सरकारले अतिवादी समूह हमासको नियन्त्रणमा रहेका भनिएका नेपाली विद्यार्थी विपिन जोशीको सकुशल रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न कतार र इजिप्टसँग पुनः आग्रह गरेको छ ।

सरकारले नेपालका लागि इजिप्ट र कतारका राजदूतमार्फत दुवै देशसँग जोशीको रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न पुनःआग्रह गरेको हो । हमासले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई रिहा गर्न लागेको समाचार सार्वजनिक भएपछि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हमाससँग मध्यस्थता गरिरहेको कतार र इजिप्ट सरकारलाई जोशीको रिहाइका निम्ति पनि प्रयत्न गर्न आग्रह गरिन् ।

नेपालका लागि इजिप्टका राजदूत नोहा हमदी अहमद एलगेबलीसँग शुक्रबार मन्त्रालयमा भएको भेटमा परराष्ट्रमन्त्री देउवाले इजिप्ट सरकारसमक्ष नेपालको अनुरोध कार्यान्वयनका निम्ति राजदूतमार्फत आग्रह गरेका हुन् । शुक्रबार नै परराष्ट्रमन्त्रीले नेपालका लागि कतारका राजदूत मिसाल मोहम्मद अल अन्सारीसँग पनि फोन सम्पर्क गरी जोशीको रिहाइका लागि मध्यस्थताको भूमिका निर्वाह गर्न आग्रह गरेको मन्त्रालयले जनाएको छ । कतारमा रहेका राजदूत अन्सारीले नेपालको अनुरोधबारे विदेशमन्त्रीसँग परामर्श गर्ने जानकारी दिए ।

यसअघि पनि परराष्ट्रमन्त्री देउवाले नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत इजरायल सरकारसँग जोशीको रिहाइका निम्ति आग्रह गरेकी थिइन् । जोशीको रिहाइका लागि सरकारले कूटनीतिक प्रयास जारी राखेको छ । रासस

# 'जलवायु परिवर्तनको असर न्यूनीकरणमा विश्वलाई सन्देश दिनुपर्छ'

**ललितपुर ।**
नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले जलवायु परिवर्तनका असर न्यूनीकरणमा नेपालले विश्वलाई सन्देश दिनुपर्नेमा जोड दिएका छन् । वातावरण तथा जलवायु परिवर्तन सरोकार विभागद्वारा पार्टी कार्यालय सानेपामा शुक्रबार आयोजित वन, वातावरण तथा जलवायु परिवर्तन सरोकारसम्बन्धी कार्यपत्र प्रस्तुतिकरण कार्यक्रममा सभापति देउवाले डिजेल, पेट्रोलको प्रयोग घटाउनुपर्ने र विद्युतीय सवारीसाधन प्रयोगलाई बढाउनुपर्ने बताए । 'जलवायु परिवर्तनको असरले नेपाल पीडित छ, यसको असर न्यूनीकरणका लागि नेपालले चाहेर मात्रै हुँदैन, नेपालले विश्वलाई सन्देश दिनेगरी गर्नसक्ने विषय धेरै छन्,' उनले भने ।

उनले काठमाडौँ उपत्यकामा मात्रै विद्युतीय सवारीसाधनको प्रयोग बढाउन सके जलवायु परिवर्तनका असर न्यूनीकरणमा ठूलो उपलब्धि हुने धारणा राखे । 'समुन्द्री सतह बढेको छ, हिमाल नाङ्गो भइरहेको छ, त्यसैले नेपालले सबैभन्दा बढी ध्यान दिनुपर्ने विषय जलवायु परिवर्तन हो,' देउवाले भने । उनले देशमा ६० प्रतिशत जङ्गल बचाउन सकेमा मात्रै ठूलो मद्दत पुग्ने बताए ।



पार्टीका सहमहामन्त्री महालक्ष्मी उपाध्यायले नेपालले अन्तर्राष्ट्रियस्तरमा जलवायु परिवर्तनको मुद्दाको नेतृत्व गर्नुपर्नेमा जोड दिइन् । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले जलवायु परिवर्तनको समस्या सृजना गर्नमा हाम्रो योगदान नगन्य भए पनि जलवायु सङ्कट समाधान गर्नमा, नेपालले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताइन् ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् वातावरण तथा जलवायु परिवर्तन सरोकार विभाग प्रमुख कल्याण गुरुङले जलवायु परिवर्तनको विषयमा पार्टीभित्र नीति तय गरी कानुन निर्माणमा क्रियाशील रहने बताए । कार्यक्रममा जलवायु परिवर्तनको विषयमा अनुसन्धानरत विज्ञहरुले कार्यपत्र प्रस्तुतीकरण गरेका थिए । रासस

# विश्वकप क्रिकेट खेल्न जाने टोलीको बिदाइ

**काठमाडौँ ।**
मलेसियामा हुने आइसिसी यु–१९ (उन्नाइस वर्षमुनि) महिला विश्वकप क्रिकेट प्रतियोगिता खेल्न जाने नेपाली टोलीलाई शुक्रबार बिदाइ गरिएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा शुक्रबार आयोजित कार्यक्रममा पूजा महतोको कप्तानीमा रहेको नेपाली टोलीलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, क्यानका पदाधिकारीलगायतले सफलताको शुभकामना दिँदै बिदाइ गरेका हुन् ।

युवा तथा खेलकुदमन्त्री चौधरीले नेपाली युवा टोलीले उत्कृष्ट खेल प्रदर्शन गर्नेमा आफू विश्वस्त रहेको बताउँदै विद्यालयस्तरदेखि नै खेल क्षेत्रलाई अगाडि बढाउन आवश्यक रहेको विचार व्यक्त गरे । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को आयोजनामा हुने प्रतियोगिता आगामी माघ ५ देखि २० गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा नेपालको यो पहिलो सहभागिता हो । विभिन्न १६ राष्ट्र सहभागी विश्वकपमा नेपाल समूह 'डी' मा परेको छ ।

नेपालको समूहमा बङ्गलादेश, अस्ट्रेलिया र स्कटल्याण्ड छन् । नेपालले समूह चरणको पहिलो खेल आगामी माघ ५ गते बङ्गलादेशसँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यस्तै, दोस्रो खेल माघ ७ गते स्कटल्याण्डसँग खेल्नेछ भने माघ ९ गते अस्ट्रेलियासँग खेल्नेछ । विश्वकपको समूह 'ए' मा आयोजक मलेसियासहित भारत, श्रीलङ्का र वेस्ट इन्डिज छन् । त्यस्तै समूह 'बी' मा इंग्ल्याण्ड, आयरल्याण्ड, पाकिस्तान र अमेरिका छन् भने समूह 'सी' मा न्यूजील्याण्ड, समोआ, दक्षिण अफ्रिका र नाजेरिया छन् ।

नेपाली युवा टोलीमा कप्तान महतोसँगै सोनी पाख्रिन, किरनकुमारी कुँवर, कृष्मा गुरुङ, साना प्रविन, स्नेहा महरा, सावित्रा धामी, रचना चौधरी, अनु कडायत, तृषना विक, रिया शर्मा, अलिशाकुमारी यादव, कुसुम गोदार, सिमाना केसी र ज्योत्सिका मरासिनी छन् । नेपाली टोलीका प्रशिक्षक महेशप्रसाद रिजालले नेपाली टोलीको प्रशिक्षण राम्रो भएको बताउँदै प्रतियोगितामा शतप्रतिशत नतिजा ल्याउने योजना रहेको उल्लेख गरे । नेपाली टोलीकी कप्तान महतोले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने प्रतिवद्धता व्यक्त गर्दै विश्वकपमा नयाँ इतिहास रच्ने योजना रहेको बताइन् । नेपाली टोली शनिबार मलेसिया प्रस्थान गर्नेछ । रासस

# तराईमा शीतलहरः बढ्दो जोखिममा पूर्वतयारी सुस्त

**प्रगति ढकाल**



**काठमाडौँ।**
यतिबेला चिसो बढेसँगै तराईका विभिन्न जिल्लामा शीतलहरको जोखिम छ । लगातार पाँच दिनदेखि हुस्सुले ढाकेको तराईका जिल्लामा चिसो बढेसँगै शीतलहरको असरबाट बच्नका लागि पर्याप्त पूर्वतयारी हुनसकेको छैन । शीतलहरका कारण ११ वर्षको अवधिमा करिब एक सय १६ जनाले ज्यान गुमाएको सरकारी तथ्याङ्क छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २०६८ सालदेखि २०७९ पुस १३ (११ वर्ष)मा एक सय १६ जानाले ज्यान गुमाएका हुन् । प्राधिकरणको तथ्याङ्कानुसार शीतलहरका कारण सबैभन्दा बढी रौतहटमा ६३ जनाले ज्यान गुमाएका छन् । सप्तरीमा १९, महोत्तरीमा १५, सिराहामा ११, धनुषमा चार, बारामा दुई र झापा र नवलपरासीमा एक–एक जना गरी एक सय १६ जनाको मृत्यु भएको छ । प्राधिकरणको तथ्याङ्कानुसार २०६८ साल वैशाखदेखि चैतसम्ममा मात्र ६६ जनाको मृत्यु भएको थियो । यसैगरी २०७४ मा ४८ जनाको शीतलहरका कारण मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ । विसं २०६८ र २०७४ बाहेक अन्य वर्षमा शीतलहरकै कारण मृत्यु नभए पनि आगो, हिटर ताप्दा भने सर्वसाधरणको मृत्यु भएको प्राधिकरणले जनाएको छ ।

शीतलहरको जोखिम भएका क्षेत्रमा जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम जस्तै बाक्लो लुगा, कम्बल वितरण प्रभावकारी गर्न नसक्नु, पूर्वतयारीमा राज्यको लगानी न्यून रहनु तथा शीतलहरबाट सर्वसाधरणलाई बचाउन पर्याप्त तयारी नहुँदा कयौँ मानिसले अकालमा ज्यान गुमाउनुपरेको छ । पछिल्लो समय भने शीतलहरकै कारण मृत्यु भए पनि पुष्टि गर्न झन्झटिलो बनेको छ । अब भने कुनै अस्पतालले शीतलहरकै कारण मानिसको मृत्यु भएको हो भन्ने कुरा कुनै अस्पतालको डाक्टरबाट नै पुष्टि हुनुपर्ने बताउनुहुन्छ, प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराई । 'पछिल्ला वर्षहरूमा शीतलहरका कारण मृत्यु भएको तथ्याङ्क छैन, अबचाहिँ डाक्टरले नै शीतलहरका कारण मृत्यु भएको हो भनेर पुष्टि गरेमा मात्रै तथ्याङ्क रहने भयो', उनले भने, 'शीतलहरकै कारण मृत्यु भएको हो भनेर पुष्टि गर्न गाह्रो भएपछि चिकित्सकले नै पुष्टि गर्नुपर्ने व्यवस्था गरिएको हो । नत्र चिसोमा अन्य कारण पनि मृत्यु हुन्छ । निमोनिया, हृदयघात तथा अन्य रोगका कारण पनि मृत्यु हुनसक्छ ।' उनका अनुसार शीतलरमा न्यायो कपडा वितरण गर्नेजस्ता पूर्वतयरीको जिम्मा स्थानीय तहलाइ दिइएको छ । स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपर्ने भट्टराईको भनाइ छ । तराईमा शीतलहरको अवस्था आएमा सूचना प्रवाह गरिने बताउँछन्, जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेल ।

**यी हुन् प्रभावित जिल्ला**

प्राधिकरणका अनुसार बढी प्रभावित जिल्लामा सुनसरीको दक्षिणी भाग, सप्तरी, सिरहा, धनुषा महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासीपश्चिम र कपिलवस्तु गरी ११ जिल्ला छन् भने झापा, मोरङ, उदयपुर, चितवन, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायत जिल्ला भने कम प्रभावितमा पर्छन् ।

**दाउरा वितरण**

वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशका सचिव उद्धवबहादुर घिमिरेले उक्त प्रदेशअन्तर्गत आठ जिल्लाका डिभिजनल वन कार्यालयलाई प्रभावित क्षेत्रमा दाउरा वितरणका लागि निर्देशन दिइएको जानकारी दिए । 'प्रभावित क्षेत्रमा दाउरा वितरणका लागि आठ जिल्लामा रू १०–१० लाख पठाइएको छ'', उहाँले भन्नुभयो, ''यसबाहेक पनि डिभिजनल वन कार्यालयले आफ्नो तरिकाले दाउरा वितरण गरेको छ । हामीले घरैपिच्छे वितरण गर्दैनौँ, मानिस भेला भएर ताप्नका लागि समूहमा दाउरा वितरण गरिरहेका छौँ ।'



**जलवायुको असर**

जलवायुविद् मञ्जित ढकालले जलवायु परिरवर्तनको असरका कारण मौसममा अनियमितता हुने र शीतलहरका असर बढ्नेजस्ता समस्या उत्पन्न हुने बताए । 'जलवायु परिवर्तनका कारण तापमान वृद्धि भइरहेको छ, तापमान वृद्धिका कारण गर्मी मात्र बढ्छ भन्ने होइन, चिसोमा धेरै चिसो र तातोमा धेरै गर्मी हुने भन्ने हो', उनले भने, 'शीतलहरका साथै अहिले तराईमा हुस्सुको समस्या पनि बढिरहेको छ । बाक्लो हुस्सु लाग्दा हवाई यातायतमा समस्या देखिएको छ ।' ढकालले जलवायुजन्य जटिल समस्याबाट उत्पन्न हुने विपद् न्यूनीकरण गर्नुपर्ने र जलवायु अनुकूलनका कार्यक्रम कार्यान्वयनलाई प्रथामिकता दिनुपर्नेमा जोड दिए ।

**स्थानीय तहको क्षमता अभिवृद्धिमा जोड**

शीतलहरजस्ता विपद् व्यवस्थापनका कार्य गर्ने अधिकार स्थानीय तहलाई दिए पनि उनीहरूको क्षमता अभिवृद्धि, पूर्वसूचनामा बेवास्ता, अन्य कार्यलाई बढी प्रथामिकता दिँदा शीतलहरजस्ता विपद् व्यवस्थापनको कार्य प्रभावकारी हुनसकेको छैन । राज्यले पनि कम प्रथामिकतामा राख्दा पूर्वतयारीमा लगानी न्यून रहेको सरोकारवालाको गुनासो छ । जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले शीतलहर चलेको भन्ने जानकारी राख्ने क्षमता स्थानीय तहलाई नभएकाले उनीहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक भएको बताए । 'शीतलहरको अवस्था आउँदैछ भन्ने जानकारी स्थानीय तहलाई हुँदैन, दुई वा सोभन्दा बढी दिनसम्म तराईको तापक्रम १० डिग्रीले तल रहेमा शीतलहर आउँछ । पाँच दिनदेखि तराईमा न्यूनतम सातदेखि १२ डिग्री ससेल्सिस छ', उनले भने, 'तर शीतलहर घोषणा गर्ने अधिकार न त स्थानीय तहलाई हुन्छ न यससम्बन्धी प्राविधिक जानकारी नै ।' उनले अझै तराईमा दुई दिनसम्म हुस्सु लाग्ने र अझै चिसो बढ्ने भन्दै न्यायो कपडा तत्काल बाँड्न सम्बन्धित स्थानीय तहलाई सुझाव दिएका छन् । उप्रेतीले शीतलहरबाट मानवीय क्षति कम गर्न प्रतिकार्य योजना बनाए पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताए । चिसो तथा शीतलहरबाट कसरी बच्ने भन्ने सन्दर्भमा जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको उनको भनाइ छ । मौसम पूर्वानुमान माहाशाखाका वरिष्ठ मौसमविद् राजु प्रधानाङ्गले अहिलेसम्म शीतलहरको अवस्था देखा नपरेको भन्दै शीतलहरको अवस्था आए बुलेटिन प्रकाशन गर्ने बताएका छन् । 'यदि भिजीबिलिटी दुई दिनसम्म १५ सय मिटरभन्दा कम भयो र अधिकतम् र न्यूनतम तापक्रम पाँच डिग्र्री सेल्सियसको फरक दुई वा सोभन्दा बढी दिन भएमा शीतलहर घोषणा गर्ने मापदण्ड छ', उनले भने । उनका अनुसार गत वर्ष शीतलहर भएको थिएन ।

**दाउरा र हिटर बाल्दा आगलागीको डर**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शीतलहरका समयमा आगलागीका घटना बढेको भन्दै दाउरा र हिटर प्रयोग गर्दा सतर्कता अपनाउन सचेत गराएको छ । प्राधिकरणका अनुसार चिसोको समयमा हिटर बालेर सुत्ने, दाउरा तथा कोइला बाल्दा आगलागीका घटना बढ्ने गरेको छ । विपद् व्यवस्थापनविद् डा उप्रेतीले चिसोको समयमा दाउरा तथा कोइला ताप्दा हुने आगलागीका घटना बढिरहेकामा चेतना जगाउन आवश्यक रहेको बताए ।

**शीतलहरमा स्वास्थ्यमा समस्या**

शीतलहरका बेला विषेश सतर्कता अपनाउन चिकित्सकले सुझाव दिएका छन् । जनस्वास्थयविद् डा समिर अधिकारीले अचानक तापक्रम न्यून हुँदा निमोनिया हुने, छालाको समस्या, रूघाखोकी लाग्नेदेखि दीर्घरोगसमेत लाग्ने हुँदा विशेष सतर्कता अपनाउन आवश्यक रहेको बताए । 'तापक्रम कम भएर शीतलर चल्दा पैताला, टाउको, घाँटी, छाती र हातबाट शरीरमा चिसो पस्छ, जसले गर्दा छाला चिलाउने, सुन्निने, रातो हुन्छ । यसका साथै झाडापखाला, बाथरोग लाग्ने, जीउ दुख्ने, मानसिक तनावसमेत हुन्छ', उनले भने, 'यस समयमा विशेष सतर्कता अपनाएर न्यानो लुगा लगाउनुपर्छ ।' मुटुरोग विशेषज्ञ डा रञ्जित शर्माले बढी चिसो हुँदा सबैभन्दा बढी असर मुटुलाई पर्ने बताए । चिसोमा हाम्रो शरीरमा विभिन्न किसिमका हर्मोनको मात्रा वृद्धि हुने भएकाले रगतको भिस्कोसिटी (बाक्लोपना) बढ्ने र रक्तनली भने खुम्चँदा यसले रक्तप्रवाह असामान्य भई मुटुमा अक्सिजनको कमी हुने उनको भनाइ छ । अनि हाम्रो मुटुले सामान्य अवस्थामा भन्दा बढी काम गर्नुपर्छ, जसले रक्तनलीमा रगत जमेर हृदयघात र मस्तिष्कघातसमेत हुनसक्ने शर्माले बताए ।

**के हो शीतलहर ?**

तराईका विभिन्न भागमा विशेषगरी पुस र माघमा आकाशलाई दिनभरि नै कुहिरोले ढाक्ने र घाम नलाग्ने हुँदा आकाशबाट अत्यन्त चिसो शीत खस्छ । यसरी चिसो बतास (हावा) चल्ने अवस्थालाई शीतलहरको प्राकृतिक प्रकोप भनिन्छ । प्रभावित क्षेत्रमा बिहानदेखि बेलुकासम्म हप्तौँ वायुमण्डलको तल्लो सतहलाई बाक्लो हुस्सुले ढाक्नाले घाम नलाग्ने हुँदा तापक्रम ह्वात्तै तल झर्ने हुनाले चिसो बढी हुन्छ । शीतलहर सामान्यतया विशेष मौसम प्रणालीको परिणामका रूपमा देखापर्दा तापक्रम धेरै तल झर्ने अवस्था उत्पन्न हुन्छ । शीतलहरको अवधिमा तापमान सामान्यभन्दा धेरै कम हुन्छ । जसकारण दैनिक जीवनमा विभिन्न समस्या र असुविधा उत्पन्न हुनसक्छ ।

**शीतलहरबाट जोगिने उपाय**

शीतलहरबाट प्रभावित हुने स्थानमा बसोबास गर्ने समुदायका मानिसले शीतलहरको समयमा आफ्ना परिवारको विषेश ख्याल राख्न जरूरी छ । यस समयमा सकेसम्म घर बाहिर ननिस्कुन उचित हुने विज्ञको सुझाव छ । न्यानो लुगा लगाउने, तातोपानी र खानेकुरा सेवन गर्ने, वृद्ध र बालबालिकाप्रति विशेष ध्यान दिने गर्नुपर्छ । यसैगरी शीतलहरका विषयमा स्थानीय प्रशासनसँग नियमित सूचना लिनु आवश्यक छ । स्थानीय तथा प्रदेश तहसँग समन्वय बढाउन आवश्यक छ । रासस

## के छ सरकारको योजना

सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७ मा हिमपात, चिसो तथा शीतलहरबाट बच्न सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, सामग्री तयार गरी प्रचारप्रसार गर्ने, विद्यार्थीलाई कक्षा दिने उल्लेख छ । 'शरीरको न्यानो बचाउ अभियान प्रचार गर्ने, उपलब्ध साधन स्रोतको आकलन गर्ने, जस्तै खाद्यान्न, न्यानो कपडा, कम्बल, दाउरा काठ, औषधि र स्वास्थ्य सेवा, हिउँ पन्छाउने सामग्री, सञ्चार, पहुँच, खट्ने जनशक्तिको तयारी गरिने छ', मार्गदर्शनमा उल्लेख छ, 'समभावित दुर्घटना आगलागी, कोठामा निसासिने आदिबाट बच्न चेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा तयार गरी आमसञ्चारमाध्याममार्फत प्रचारप्रसार गरिनेछ ।' हिमपात, तुसारो, बाक्लो कुहिरोका कारण सम्भावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने, आवश्यकतानुसार सबै समूह गठन गरी त्यस्ता स्थानको 'प्यापिङ' गर्ने र दुर्घटना हुनसक्ने जोखिमयुक्त÷सम्भावित क्षेत्रमा विभिन्न साङ्केतिक चिह्न तथा सूचनामूलक सन्देश राख्ने योजना छ । सवारीचालकलाई प्रवेश तथा प्रस्थान विन्दुमा जानकारी गराउने, हिमाली क्षेत्रमा हुनसक्ने हिउँआधीलागायत सम्भाव्य दुर्घटनाको खोज, उद्धार र उपचारको आवश्यक पूर्वतयारी गर्ने योजना छ ।

यसैगरी शीतलहर तथा मौसमसम्बन्धी पूर्वानुमान बुलेटिन साप्ताहिक÷दैनिक जारी गर्ने र सो बुलेटिनलाई आमसञ्चारमाध्यामबाट प्रकाशन तथा प्रसारण गर्ने गराउने, प्राधिकरण र विभागबीच आवश्यकतानुसार बैठक राखी समन्वय गर्ने मार्गदर्शनमा उल्लेख छ । 'स्वास्थ्यसम्बन्धी समस्यालाई रोकथाम गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने–गराउने, स्वास्थ्यकर्मी औषधि र द्रुतप्रतिकार्य समूह तयार गरी परिचालन गर्ने । आवश्यकता हेरी स्वास्थ्य शिविर सञ्चालन गर्ने', मार्गदर्शनमा भनिएको छ, 'कृषिवाली र पशुपन्छीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायका सम्बन्धमा सन्देशमूलक सूचना प्रचारप्रसार गराउने र शीतलहरका कारण अन्नबाली÷पशुपन्छीको क्षति भए किसानलाई मल, बीउ, पशुपनछी उपचार तथा प्रविधि सहयोग र राहत तत्काल उपलब्ध गराउने, गर्न लगाउने योजान छ ।' कृषिक्षेत्रमा हुने विपद् जोखिम हस्तान्तरण (बिमा)का योजना रणनीतिक कार्ययोजना तयार गरी पेस गर्ने मार्गदर्शनमा उल्लेछ । तर मर्गदर्शनमा उल्लेख भएका कार्ययोजनाको प्रभावकारी कार्यनवयन हुनुपर्नेमा सरोकारवालाहरूमा जोड छ ।

# कहिले सम्पन्न होला भक्तपुर–नगरकोट सडक ?

रमेश गिरी



**भक्तपुर ।**

भक्तपुरको प्रमुख पर्यटकीय गन्तव्य नगरकोट जाने मुख्य सडक ११ वर्षसम्म पनि निर्माण सम्पन्न हुनसकेन । सडक निर्माणको माग गर्दै स्थानीयले पटकपटक आन्दोलन गरे । सरकारले पटकपटक म्याद थप गरेर सहजीकरण गरे पनि काम हुने अवस्था नदेखिएपछि अन्ततः सरकारले भक्तपुर—नगरकोट—सिपाघाट सडकको ठेक्का सम्झौता रद्द गरेको छ । पटकपटक म्याद थप गर्ने तर ठेकेदारबाट बारम्बार सम्झौता उल्लङ्घन हुन थालेपछि उक्त सडक स्तरोन्नति परियोजनाका लागि विकास परियोजना निर्देशनालयसँगको संयुक्त सम्झौता सरकारले रद्द गरेको हो । निर्देशनालयले ठेक्का सम्झौता रद्द गर्न यसअघि पनि पटकपटक सूचना जारी गरेको थियो । त्यसताका अन्तिममा म्याद थप हुने गरेको थियो । सरकारले अन्तिम पटक मङ्सिर मसान्तसम्म निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने गरी १०औँ पटक म्याद थप गरे पनि कम्पनीले सोअनुसार कुनै प्रगति गरेन । गत साता निर्देशनालयले ठेक्का सम्झौता रद्द गर्नु नपर्ने कारणसहित सातदिने स्पष्टीकरण माग गरेको थियो ।

निर्देशनालयका भक्तपुर नगरकोट सडक निर्माण आयोजना प्रमुख मेघराज मरासिनीले गत बुधबार सरकारका तर्फबाट ठेक्का सम्झौता रद्द गरेको जानकारी दिए । उनले भने, 'भक्तपुर नगरकोट सडकको ठेक्का सम्झौता रद्द भएको छ । अब निर्माण कम्पनीले सम्झौताअनुसारको गर्नुपर्ने काम कति बाँकी छ त्यसको अनुगमन एवं मूल्याङ्कन हुनेछ । त्यसपछि निर्माण कम्पनीसँग सोही मूल्याङ्कनको आधारमा जरिवाना लगाउने र सडकको बाँकी काम कसरी गर्ने भन्नेबारेमा छलफल गरेर अगाडि बढ्छ ।' एक्जिम बैङ्क इन्डियाको ऋण सहयोगमा नेपाल सरकारसँग विसं २०७३ असार ३ गतेसम्म सम्पन्न गर्नेगरी २०७१ जेठ २२ गते सैलुङ कन्स्ट्रक्सन र भारतीय कम्पनी अराभली इन्फ्रापावर लिमिटेडले संयुक्त निर्माण गर्नेगरी २७ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । सडकको लागत बढेर भ्याटसहित ३१ करोड रुपैयाँ पुऱ्याउँदा पनि निर्माण कम्पनीले विभिन्न बहाना गर्दै सडक निर्माण सम्पन्न गरेको थिएन । सडक छिटो सम्पन्न गर्न माग गर्दै चाँगुनाराण नगरपालिका, नगरकोटका होटल एवम् पर्यटन व्यवसायी, स्थानीयवासीलगायतले पटकपटक विरोध गर्दै आएका थिए । यता निर्माण कम्पनी एससिसिपिएल र यसको भारतीय साझेदार एआइपिएलले बिहीबार विज्ञप्ति जारी गर्दै भक्तपुर–नगरकोट–सिपाघाट सडक स्तरोन्नति परियोजनाका लागि विकास परियोजना निर्देशनालयसँगको संयुक्त उद्यम सम्झौता रद्द गरेको जनाएको छ ।

कम्पनीले निर्देशनालयले गरेको बारम्बारका गल्तीहरू समाधान गर्न असफल भएको र गत विसं २०८० असोज ९ गते प्रमाणित गरिएको आइपिसी–१४ भुक्तानी अहिलेसम्म नदिइएकाले परियोजनाको वित्तीय अवस्थामा गम्भीर असर पर्न गएकाले रद्द गर्नु परेको जनाएको छ । सडक निर्माणको ठेक्का सम्झौता रद्द भएपछि यहाँका सरोकारवाला भने खुसी भएका छन् । चाँगुनारायण नगरपालिका प्रमुख जीवन खत्रीले सैलुङ कन्स्ट्रक्सनले ११ वर्ष लाग्दासमेत सडक निर्माण सम्पन्न नगरेर स्थानीयवासीलाई दुःख दिएकामा अब त्यसबाट मुक्ति पाइने आशा व्यक्त गरे । उनले यहाँका पर्यटन व्यवसायीलाई दुःख दिएको अवस्थामा ठेक्का सम्झौता रद्द भएसँगै अब थप काम गर्न बाटो खुलेको बताए ।

नगरपालिकाले विसं २०८२ वैशाखदेखि चैतसम्म एकवर्षे नगरकोट महोत्सव–२०८२ को आयोजना गर्ने घोषणा गरेर सडक निर्माण छिटो सम्पन्न गर्न पटकपटक दबाब, विरोध एवं आन्दोलन गर्दा पनि बेवास्ता भएपछि महोत्सव नै सङ्कटमा पर्ने डर अब हटेको बताए । उनले नगरकोट महोत्सवलाई दृष्टिगत गर्दै सरकारले सडकको स्तरोन्नति छिटो गर्नुपर्ने बताए । 'चाँगुनारायण नगरपालिकाले आयोजना गर्ने नगरकोट महोत्सव सिङ्गो देशको महोत्सव हो, यहीँ सडकका कारणले महोत्सवमा समस्या आउने त्रास थियो । अब सरकारले महोत्सव अगाडि नै छिटोभन्दा छिटो सडक स्तरोन्नति गर्नुपर्छ, त्यसका लागि मन्त्रालयसँग पनि समन्वय र छलफलमा बस्छौँ ।' उनले सरकारले पनि उक्त सडक निर्माणमा ढिलाइ गरे चाँगुनारायण नगरपालिका आफैँले बहुवर्षीय आयोजनाअन्तर्गत स्तरोन्नति गर्ने बताए । चाँगुनारायण नगरपालिका–६ का अध्यक्ष धनबहादुर लामाले सडक सम्झौता रद्द हुँदा खुसी हुनुपर्ने बेला आएको भन्दै नगरकोट महोत्सवलाई सफल पार्न सरकारले सडक स्तरोन्नतिमा चासो दिनुपर्ने बताए ।

## यस्तो छ सडकको अवस्था



भक्तपुर नगरपालिका–१० कमलविनायक भत्केको पाटीमा सडकभरि खाल्डैखाल्डो । अलिमाथि नेपाली सेनाको खरिपाटी ब्यारेकदेखि चाँगुनारायण नगरपालिका कार्यालय अगाडिसम्म कालोपत्र उप्किएर बनेका खाल्डा उस्तै । त्यसमाथि नेपाली सेनाको ब्यारेक क्षेत्रमा पर्ने घुमाउनेमा बाटो नै खस्नेगरी चर्किएको सडक, नगरकोटसम्म खाल्डोभरि जमेको पानी, कतै हिलाम्मे त कतै धुलाम्मे । दश वर्षअगाडि निर्माण सुरु भएर अझैसम्म सम्पन्न नहुँदा भक्तपुर भत्केकोपाटीदेखि नगरकोटसम्मको १५ दशमलव छ किलोमिटर सडक क्षेत्रको अवस्था निकै समस्याग्रस्त छ ।

### अनुगमनमाथि अनुगमन

भक्तपुर नगरकोट सडकको प्रगतिबारे जान्न भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको नेतृत्वमा राजनीतिक दलका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिसहितको टोलीले हालै यहाँको अवस्था अनुगमन गरेको छ । टोलीले सडक नभए ठेक्का रद्द गरेर कम्पनीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएकी थिइन् । मन्त्रीद्वय श्रेष्ठ र यादवले अनुगमन गर्दा स्थानीयले सडकमै सुतेर र सडकमै घेराबन्दी गरेर अवरोध गरेका थिए । त्यसअघि विसं २०७६ साउन १३ गते तत्कालीन प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले अनुगमन गरी सन् २०२० को नेपाल भ्रमण वर्ष अगावै सडक कालोपत्र सम्पन्न गर्न निर्देशन दिएको थियो ।

विसं २०७६ मङ्सिर ४ गते तत्कालीन प्रधानमन्त्री केपी




पटकपटक चर्चामा आइरहने 'भक्तपुर–नगरकोट सडक'को दृश्य हो यो । कमलविनायकदेखि नगरकोटसम्म देखिएको सडकको दुरावस्था, ठाउँठाउँमा चर्किएर पहिरोको त्रास ।

समयमै सडक निर्माण नहुँदा खेप्नु परेको सास्ती कम दर्दनाक छैन । दुर्घटनामा ज्यान गुमाउने, वर्षायाममा सडकको हिलोपानी घरभित्र पस्ने, हिउँदमा धुलैधुलोका कारण बेहोर्ने स्वास्थ्य समस्याले सडक आसपासका बासिन्दाको दैनिकी कठिन छ । विशेषगरी निर्माणमा गुणस्तरहीन काम भएको निष्कर्ष निकालेको छ । त्यसो त यसअघि विसं २०७९ फागुन १८ गते तत्कालीन उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले उक्त सडकको अनुगमनपछि फागुन महिनाभित्र सडक निर्माण नसके कारबाही र ठेक्का रद्द गरिने बताएका थिए । त्यसअघि विसं २०७८ कात्तिक २८ गते तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले सडकको अनुगमन गरी दुई महिनाभित्रमा निर्माण सम्पन्न शर्मा ओलीको निर्देशनलगत्तै प्रधानमन्त्री कार्यालयका सहसचिव यामलाल भुसाल संयोजकत्वको टोली, त्यसपछि तत्कालीन भौतिक योजनामन्त्री वसन्त नेम्वाङ, तत्कालीन मन्त्री एवं सांसद महेश बस्नेत, चाँगुनारायण नगरपालिकाका तत्कालीन प्रमुख सोमप्रसाद मिश्रसहितको टोली, वर्तमान नगरप्रमुख खत्री, उपप्रमुख रमेश बुढाथोकीसहितको टोलीले पटकपटक यस सडकको अनुगमन गर्दै छिटो निर्माण सम्पन्न गराउन दबाब दिँदै आएकी थिइन् ।

## प्रधानमन्त्रीकै निर्देशन मानेन निर्माण कम्पनी

सडक निर्माण सुरु भएपछि चाँगुनारायण नगरपालिकाका तत्कालीन नगरप्रमुख सोम मिश्रदेखि वर्तमान नगरप्रमुख जीवन खत्रीसम्मको नेतृत्वमा गएको टोलीले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल, तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा तथा यसअघि प्रधानमन्त्री भएका बखत हालका प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत भेट गरी सडक छिटो निर्माणका लागि ध्यानाकर्षण गराएका थिए ।



पूर्वनगरप्रमुख मिश्र भन्छन्, 'सरकार परिवर्तन हुनेबित्तिकै प्रधानमन्त्रीदेखि मन्त्रीलाई भेटेर ज्ञापनपत्र दिने र छिटो निर्माण सम्पन्न गराई दिन माग गर्दै दबाब दिँदा पनि काम भएन । ठेकेदार सरकारभन्दा बलिया हुँदा रैछन् जस्तो लाग्यो ।'

त्यसो त विसं २०७८ मा बागमती प्रदेशका तत्कालीन भौतिक योजनामन्त्री कृष्णलाल भँडेल, नेकपा (माओवादी केन्द्र) का केन्द्रीय नेता डिपी ढकालले माओवादी केन्द्रका अध्यक्ष दाहालसँग तत्कालीन नेपाल कम्युनिष्ट पार्टी भक्तपुरले तत्कालीन भौतिक योजनामन्त्री वसन्त नेम्वाङसँग र नगरपालिका प्रमुख खत्री, माओवादी केन्द्रका स्थानीय नेतासहित माओवादी केन्द्रका अध्यक्ष दाहालसँग भेटेर काम सम्पन्न गर्न सहजीकरणका लागि आग्रह गरेका थिए । सबैबाट आश्वासन पाए पनि कामले भने गति लिएन ।

स्थानीयले सडक अवरुद्ध गर्ने, ठेकेदार शारदाप्रसाद अधिकारीको तस्बिर व्यङ्ग्य गर्दै सार्वजनिक सवारीसाधन र सडकको भित्ता भित्तामा टाँस्ने, चाँगुनारायण नगरपालिका–६ र ७ का वडाध्यक्षले २०७९ साल असार १७ देखि १९ गतेसम्म सडकमै कार्यालय सञ्चालन गर्ने, नगरकोटका पर्यटन व्यवसायीले सडक अवरुद्ध गर्ने जस्ता क्रियापलाप गरेर दबाब बढाउँदै आएका छन् । रासस

# विदेशबाट फर्केपछि मूर्ति बनाउन सिकेका 'चित्रप्रसाद'



**दाङ ।**
तुलसीपुर–१ छोटेका चित्रप्रसाद सुवेदी नौ वर्ष मलेसिया बसेर आए । मलेसियामा पनि राम्रो कमाई नभएपछि उनले गाउँमै केही गर्ने प्रण गरे र सुरू गरे विभिन्न मूर्ति बनाउन । न कुनै तालिम, न त कुनै प्रशिक्षण, चित्र हेरेर उनले मूर्ति बनाउन सुरू गरे । अहिले उनी विभिन्न मन्दिरमा मूर्ति बनाउँदै हिँडिरहेका छन् । तुलसीपुर–१ स्थित धनेश्वर मन्दिरमा उहाँले शिव, बाघ, गणेश, नन्दी, शिवलिङ्ग, डमरू, नागले बेरेको मूर्ति बनाएका छन् । 'गाउँकै मन्दिर पनि हो, सबैले मेरो कला देख्नुभएको थियो', सुवेदीले भने, 'त्यसपछि न्यून शुल्कमा मैले सबै मूर्ति बनाएँ ।' त्यतिमात्र होइन सुवेदीले सोही वडाकै देवीस्थान मन्दिरमा नन्दीको मूर्ति, तुलसीपुर–८ अस्वारमा बाघका मूर्ति र सोही वडाको कृष्ण मन्दिरमा शिवलिङ्ग पनि बनाएका छन् । उनले खाली समयमा घरमा पनि विभिन्न मूर्ति बनाउने गरेका छन् । 'बाहिरबाट खासै माग भइरहेको छैन, अझै सिक्दैछु', सुवेदीले भने, 'फुर्सदका बेला घरमै पनि मूर्ति बनाउने गरेको छु ।'

जिल्लाभित्र छिटपुट रूपमा माग हुने गरेको भए पनि बाहिरबाट अझै माग नभएको भन्दै प्रचारप्रसार गर्न आवश्यक रहेको उनले बताए । उनले दुई वर्षदेखि यसरी नै मूर्ति बनाउने कार्य सुरू गरेका हुन् । 'सुरूमा चित्र हेरेर कलमले कोर्ने गरेँ, केही समयमा माटोको मूर्ति बनाएँ', सुवेदीले भने, 'अलि सिकेपछि सिमेन्ट प्रयोग गरेर मूर्ति बनाउन सुरू गरेको हुँ ।' एउटा मूर्ति बनाउन ३० हजार रुपैयाँसम्म पारिश्रमिक लिने गरेको सुवेदीले बताए । त्यसमा पनि मूर्तिको आकारअनुसार पारिश्रमिक निर्धारण हुने गरेको उनको भनाइ छ । स्थानीयस्तरकै व्यक्तिले यसरी मूर्ति बनाउँदा यसलाई सबैतिरबाट प्रवद्र्धन गर्नुपर्ने उनको भनाइ छ । 'म आफैँ स्थानीयस्तरमा मूर्ति बनाइरहेको छुँ', उनले भने, 'तर अझै पनि ढुङ्गाबाट बनाएका मूर्ति भारतबाट ल्याउने गरिन्छ, स्थानीयस्तरको कुरालाई प्रवद्र्धन गर्नेतर्फ सबैले ध्यान दिए हुन्थ्यो ।'

यही पेसाबाट नै आफू स्थापित हुने सुवेदीको चाहना छ । त्यसका लागि सरकारले पनि सहयोग गर्नुपर्ने उहाँको भनाइ छ । वडामा भएका यस्ता प्रतिभालाई प्रवद्र्धन गर्नतर्फ आफू तयार रहेको वडाध्यक्ष हुमकान्त सापकोटाले बताए । रासस

# वडाध्यक्षको तरकारीखेती मोह



**कञ्चनपुर ।**
शुक्लाफाँटा–३ का वडाध्यक्ष नरेन्द्रप्रसाद चौधरी साँझ अबेरसम्म बारीमा तरकारी टिप्नमा व्यस्त हुन्छन् । साँझ टिपेको तरकारी बिहानीपख मोटरसाइकलमा राखेर बजारसम्म पु¥याएर बेच्छन् । यो कार्य उनले तीन वर्षदेखि निरन्तर रूपमा गर्दै आएका छन् । दिउँसोपख भने अधिकांश समय चौधरीको वडाको कार्यमा बित्ने गर्छ । तरकारीखेतीले घर खर्च चलाउन सहज भएकाले निरन्तर रूपमा अपनाउँदै आएको उनी बताउँछन् । चौधरी तरकारीखेतीमा जस्तै जनताको सुखदुःखमा साथ दिने वडाध्यक्षका रूपमा परिचित छन् । त्यहीँ भएर उनी दोस्रो कार्यकालका लागि वडाध्यक्षमा जनताले चुनेका हुन् । बिदाका दिन वडाको काम नपरे उनी दिनभर तरकारीका बिरूवा रोप्ने, गोडमेल गर्ने, मल राख्ने, सिँचाइ गर्ने कार्यमा बिताउँछन् । उनकी श्रीमतीले पनि तरकारी रोप्नेदेखि टिप्ने, बोक्ने कार्यमा चौधरीलाई सघाउँछन् । वर्षमा वडाध्यक्षले पाँच लाख रुपैयाँजत्तिको तरकारी बिक्री गरी आम्दानी गर्दै आएका छन् । दश कठ्ठा जग्गामा उनले तरकारीखेती गरेका छन् । काउली, गोलभेँडा, धनिया, रायो, खुर्सानी, मुला, घ्यूसिमी, भान्टा, आलुलगायत तरकारी तथा हरियो साग चौधरीको बारीमा लटरम्म फलेका छन् । 'काउली मात्र बेचेर ५० हजार रुपैयाँ जतिको आम्दानी भएको छ', अध्यक्ष चौधरीले भने, 'पहिलोपटक लगाएको काउली बेचिसक्यौँ, दोस्रोपटक लगाएको काउली आउँदो महिना बेच्न ठिक हुन्छ ।' काउलीबाहेकको अन्य तरकारी २० हजार रुपैयाँ जतिको बेचेको उनी बताउँछन् ।



'बारीमा प्याजका बेर्ना रोप्न तयार भएका छन्', अध्यक्षका श्रीमती सावित्री चौधरीले भने, 'आलु खन्ने अवस्थामा छन्, आलु खनेर प्याज रोप्छौँ ।' यसअघि चौधरी दम्पतीले लौका, काँक्रा, तितेकरेला, फर्सीलगायतको खेती गरी एक लाख आम्दानी हात पार्न सफल भएका थिए । तरकारीखेतीको कमाइले परिवारको खर्चसँगै छोराको पढाई खर्च व्यहोर्दै आएका छन् । नगरपालिकाबाट पाइने पारिश्रमिक सामाजिक कार्यमै खर्च गरेर सिद्धिने उनी बताउँछन् । 'आर्थिक सहयोग माग्नेलाई दिनैप¥यो', उनले भने, 'भेट्न आउने पाहुनाको सेवा सत्कार गर्नैप¥यो, सामाजिक कार्य गर्न सहयोग माग्नेलाई नाइनास्ती गर्न पाइएन, यस्तो अवस्थामा नगरबाट उपलब्ध हुने पारिश्रमिकले भ्यान निकै गाह्रो हुन्छ ।' 'जनप्रतिनि हुँ भनेर हात हल्लउँदै हिँड्नु पनि परेन, वडाध्यक्षले परीश्रम गरेको देखेर अरूले पनि गर्छन, काम गर्ने प्रवृत्ति हामीले नै बसाल्नुपर्छ, आर्थिक रूपमा वडावासी समृद्ध बने मात्र विकासले फड्को मार्ने न हो', उनी भन्छन् ।

बिहान, साँझ र बिदाको दिनको सदुपयोग बारीको काम गरेर बिताउने चौधरी वडाको विकासका कार्यमा पनि उत्तिकै चासो राख्छन् । गाउँका सडक स्तरोन्नति गर्ने कार्यमा श्रमदान गर्न अग्रसर भएर अगाडि सर्छन् । परिश्रमी वडाध्यक्षका रूपमा वडावासीले उनलाई चिन्ने गर्छन् । विकास निर्माण, सामाजिक कार्यमा अग्रणी रहने भएकाले दोस्रोपटक वडाध्यक्षको नेतृत्व सम्हाल्ने मौका वडावासीले दिएको बिलबहादुर चौधरी बताउँछन् । 'वडाध्यक्ष भए पनि तरकारीखेती गर्नुहुन्छ, गाउँका अरू किसानभन्दा तरकारी फलाउनमा पछाडि छैनन्', उनले भने, 'नगरपालिका र वडाबाट पनि किसानलाई पहिलो स्थानमा राखेर अनुदानका कार्यक्रम सञ्चालन गर्नुहुन्छ, किसानलाई कुन किसिमको तालिम चाहिन्छ, मागअनुसारको तालिम चलाउनुहुन्छ ।' वडा अध्यक्षकै प्रयासमा व्यवसायिक तरकारी खेती गर्ने किसानले खेत जोत्नका लागि पावर टिलर, तरकारी खेती गर्न प्लाष्टिका हाइटेक टनेल, सिँचाइका लागि विद्युतीय मोटर तथा पम्पसेट पाएको उनी बताउँछन् । उन्नत जातको बीउबिजनको प्रयोगलाई बढावा दिने कार्यसँगै खेतीगर्ने तौर तरिका सिकाउनका लागि किसानलाई जानकारी गराउन प्राविधिक परिचालनको कार्य वडा अध्यक्षकै प्रयासमा हुने गरेको उनी बताउँछन् । वडा अध्यक्ष हुनुअघि नरेन्द्रले गाउँको वरघर बनेर नेतृत्व गरेका थिए । गाउँको न्याय निसाफ छिन्ने, अंशवण्डा गर्ने, संस्कृति जोगाउने, विकास निर्माणको अगुवाई गर्ने कार्य थारू समुदायमा वरघरले गर्ने गर्दछ । रासस

# वैदेशिक रोजगारी त्यागेर जुनारखेती

**मन्थली ।**
रामेछाप नगरपालिकाका केही युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेका छन् । जुनारखेतीबाट प्रशस्त र दोहोर आम्दानी हुने भएपछि यहाँका युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ आकर्षित भएका हुन् । जुनार बगैँचाभित्र तोरी भटमासलगायत कोसेबाली र अन्य तरकारीबाली उत्पादन गरी आम्दानी लिन सकिने तथा जुनारबाट पनि आम्दानी लिन सकिने भएकाले यसतर्फ आकर्षित भएको रामेछाप–६ ओखेनीका जुनार कृषक हिमाल तामाङले बताए । लामो समय खाडी मुलुकमा बसेर काम गरेको भन्दै लेखपढ नभएका र सीप नभएका आफू जस्तालाई त्यहाँ सजिलो काम पाउन मुस्किल हुने उनले अनुभव सुनाए । बर्सेनि बिरुवा थप्दै र उत्पादन वृद्धि गराउँदै जाने हो भने यही विदेशको जति कमाउन सकिने उनले दाबी गरे । आफू भारतको गुजरातमा २५ वर्ष



बसेर काम गरेको अनुभव सुनाउँदै त्यहाँको आम्दानी चित्त नबुझेर स्वदेशमा केही गर्ने अठोटका साथ फर्किएर जुनारखेती शुरु गरेको तामाङले बताए । यसअघि आफू वैदेशिक रोजगारीका क्रममा चार वर्ष मलेसिया बसेर धेरै दुःख गर्दा पनि सन्तोषजनक आम्दानी नभएकाले स्वदेशमा फर्केर जुनारखेती गर्न थालेको रामेछाप–७ सुकाजोरका अर्का कृषक रामकुमार कार्कीले बताए । रामेछाप नगरपालिकामा हिमाल तामाङ, टेकबहादुर तामाङ, प्रेमबहादुर तामाङ, रामकुमार कार्कीलगायत दजनौँ कृषक वैदेशिक रोजगारीबाट सन्तुष्ट नभएर जुनारखेती गर्ने गरेकाछाप नगरपालिकाका वरिष्ठ कृषि शाखा प्रमुख कृष्णबहादुर भुजेलले राससलाई जानकारी दिए । उनका अनुसार अरुको तुलनामा उनीहरूको बगैँचा र जुनारका दाना राम्रा छन् ।

गत वर्ष जिल्लामा पाँच सय २० हेक्टर क्षेत्रफलमा सुन्तला जातका फलफूल खेती गरिएको बताउँदै यस वर्ष पाँच सय ४० हेक्टर क्षेत्रफलमा जुनार उत्पादन भइरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रामेछापकी भवानी बस्नेतले जनाइन् । उनले जिल्लाका विभिन्न पालिकामा वैदेशिक रोजगारीबाट फर्केर जुनार र सुन्तलाखेती गर्नेको संख्या बढ्दै गएको उल्लेख गरे । बजारको समस्या नभएकाले यसको व्यवसाय सहज बनेको भन्दै बस्नेतले प्रशस्त उत्पादन, बजारीकरणको समस्या नहुनु, मुनाफा बढीलगायत कारणले युवाको जुनारखेतीप्रति आकर्षण बढेको दाबी गरे । दैनिक रूपमा विदेशिने हजारौँको स¬ङ्ख्याका युवालाई यस्ता कृषिकर्ममा विभिन्न अनुदान दिएर सङ्घीय तथा प्रदेश सरकारले लगाउनसके वैदेशिक रोजगारीमा जानेको संख्या घट्ने मन्थली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवर्षी सापकोटाले बताए । रासस

बिहान ५ बजे नै पिडिएफ उपलब्ध

PDF
मधेशदृष्टि

मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# संसद्‌लाई संसद्‌जस्तै रहन दिऔँ



डा शोभाकर पराजुली



काठमाडौँ ।

नेपालले संसदीय संरचना र संसद्‌को सर्वोच्चतासहितको शासकीय प्रणाली अपनाएको छ दशकभन्दा धेरै समय भइसकेको छ । तथापि संसदीय सर्वोच्चतालाई साँचो हृदयले आत्मसात् गर्न नसक्दा आमनागरिकले त्यसको प्रभावकारिता महसुस गर्न सकेका छैनन् । संसद् भनेको खासगरी जनताको थलो हो । जननिर्वाचित प्रतिनिधिहरूले जनताका मुद्दाबारे सरकारलाई खबरदारी गर्ने र जनहितमा ऐन, कानुन निर्माण गर्ने थलोका रूपमा यसलाई बुझ्ने गरिन्छ । कामकाजी भाषामा भन्ने हो भने संसद् जनताको जीवनसँग गाँसिएको एउटा लोकतान्त्रिक अभ्यासको थलो हो । लोकतन्त्रको एउटा उत्कृष्ट अभ्यासका रूपमा रहेको चुनावमार्फत जनताले आफ्ना प्रतिनिधि रोजेर पठाउँछन् । देशभरिबाट चुनिएर आएका तिनै प्रतिनिधिहरूलाई सांसद र उनीहरूले मन्थन गर्ने थलो भनेको संसद् हो । यसलाई प्रतिनिधिसभा वा तल्लो सदन पनि भन्ने चलन छ ।

यसरी जनताले आफैँ प्रत्यक्ष नभए पनि आफ्ना प्रतिनिधिमार्फत नीतिगत तहमै आफ्नो प्रतिनिधित्व महसुस गरेका हुन्छन् तर यसरी चुनिएर आएका प्रतिनिधहरूले नै जनतालाई महसुस हुने गरी काम नगर्दा आमनागरिकमा संसद्‌प्रति नै भरोसा रहँदैन । यसथ संसद् भनेको लोकतन्त्र निखार्ने एउटा प्रतिनिधिमूलक थलो पनि हो, जहाँ बसेर जनप्रतिनिधिहरूले सरकारलाई खबरदारी गर्न सक्छन् । जनताको जीवनसँग गाँसिने र उनीहरूलाई महसुस हुनेगरी ऐन, कानुन बनाउन सक्छन् । हाम्रा सांसदहरूले भने विस्तारै लोकतन्त्रको यो उच्चतम परिभाषा बोकेको संसद्‌को मान्यतालाई नै बिथोल्न थालेका छन् । त्यसैले 'भोट हाल्नका लागि हाल्दिएको' भनेर नागरिकले पनि वास्ता गर्दैनन् । जनता र जनप्रतिनिधिबीच नजिकको सम्बन्ध हुनुपर्नेमा टाढा हुन जाँदा संसद्‌ले जनविश्वास गुमाउँदै गएको त छैन भन्ने प्रश्न उठ्न दिनु हुँदैन ।

नेपालमा पहिलोपटक २०१५ सालमा आमनिर्वाचन भयो । राणा शासनको अन्त्यपछि नेपाली कांग्रेसले नै एउटा सार्वभौम संसद्‌को माग अघि सारेको थियो । यद्यपि, त्यो बेला 'क्रान्तिकारी'हरूले संविधानसभाकै गठन हुनुपर्ने भनेका थिए तर राणासँगको सम्झौतापछि राणा–कांग्रेसको संयुक्त सरकार बन्यो । त्यो अन्तरिम सरकार पनि संविधानसभा बनाउने कि संसदीय निर्वाचन गर्ने भन्ने अलमलमै बित्यो । यो अलमलका आठ वर्षपछि अन्ततः २०१५ फागुन ७ मा पहिलोपटक संसदीय निर्वाचनको घोषणा भयो । नेपालको शासकीय राजनीतिक इतिहासमा यो पहिलो चुनाव ४५ दिनसम्म चलेको थियो । त्यसपछि विसं २०१६ असार १६ गते मध्यरातमा मात्रै संसद्‌को पहिलो बैठक बोलाइएको थियो ।

नेपालमा संसदीय राजनीतिको इतिहासमा यो पहिलो कोसेढुङ्गा थियो । तथापि यो संसद्‌ले आफ्नै पूरै शैशवकाल पनि बाँच्न पाएन । संसदीय अभ्यास तङ्ग्रिन पनि नपाउँदै १८ महिनापछि राजा महेन्द्रले संसद् र संसद्बाट निर्वाचित सरकारमाथि प्रतिबन्ध लगाए । जनताको



प्रजातान्त्रिक अभ्यास गर्ने थलो खोसियो । जननिर्वाचित प्रधानमन्त्री अनि देशका गन्यमान्य नेताहरूलाई पनि राजाले



जेल हाले । त्यसपछिका करिब ३० वर्ष राजाले ल्याएको त्यही पञ्चायती व्यवस्थासँगै जनमतले नभएर राजाको हुकुमी शासन चल्यो । त्यतिबेला पनि पञ्चायती भारद्वारहरूको पञ्चायती सभाहरू त हुन्थे तर ती अधिकार खोसिएका जनताका लागि कुनै कामका थिएनन् । ती त बरु दरबार रिझाउने र जनतामाथि शासन लाद्नेहरूको मात्रै पञ्चायत थिए ।

विसं २०४६ को जनआन्दोलनपछि फेरि संसद् पुनःस्थापित भयो । र २०४८ सालमा संसदीय निर्वाचन भयो । त्यसपछिका संसद्‌हरू पनि धेरै खलबलिए । एउटै पार्टीको बहुमतको सरकारले पूरा समय चल्न नसकेको मात्र होइन दुईभन्दा बढी पार्टीका सरकारहरुले पनि स्थिरता दिन सकेनन् । बहुदलीय शासन व्यवस्था भएका कारण न संसद् स्थिर भयो न सरकार नै । पटक पटक फेरिने सरकारहरूले नै संसद्‌लाई पटक पटक बिथोल्ने अनि बराल्ने काम गरे । विसं २०५२ पछि २०६२÷६३ सम्म कुनै पनि संसद्‌ले आफ्नो पूरा कार्यकाल काम गर्न सकेनन् । यो वा त्यो बहानामा कहिले संसद् भङ्ग गरियो । कहिले बिथोलियो । माओवादी सशस्त्र युद्धका बेला २०५९ सालमा त फेरि राजा ज्ञानेन्द्रले संसद् विघटन गरी 'कु' गरे । फेरि महेन्द्रकै शैलीमा जनताका अधिकार खोसिए र राजनीतिक दलहरूमाथि एक प्रकारको प्रतिबन्ध लाग्यो ।

राजाको यो दुष्प्रयास लामो समय चलेन र सक्ने कुरा पनि थिएन । राजनीतिक 'कू' का विरोधमा फेरि अर्को जनआन्दोलन भयो । यो बेला पनि नेपाली कांग्रेसले संसद् पुनःस्थापनालाई आफ्नो 'बटमलाइन' बनाएको थियो । खासगरी तत्कालीन नेपाली कांग्रेसका सभापति तथा आन्दोलनका कमाण्डर स्व गिरिजाप्रसाद कोइरालाले संसद् पुनःस्थापनाको अडान लिनुभएको थियो । त्यहीअनुसार सबै संसदीय दलहरू मिलेर जनआन्दोलनको नेतृत्व लिए र जेठ ११ गते राजा ज्ञानेन्द्रले संसद्‌सहित जनताका सारा अधिकारहरू फिर्ता गरे । एउटा बहुदलीय लोकतान्त्रिक राष्ट्रमा संसद्‌को शक्ति कति हुन्छ भन्ने उदाहरण नेपालमा पटक पटक पेस भएका छन् । यो त्यही संसद् थियो जसले राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो । राजा र राजसंस्थाको सदियौँको विरासत यही संसद्‌ले अन्त्य गरिदिएको थियो । त्यतिमात्रै होइन, हतियार उठाएर सत्ता कब्जाको सपना बोकेर युद्धमा हिँडेको माओवादीलाई पनि यही संसदीय राजनीतिले नै यो बाटोमा ल्याइदियो ।

त्यसपछि विसं २०६४ र २०७० मा संविधानसभाको निर्वाचन भयो । यो संविधानसभाले २०७२ सालमा संविधान जारी ग¥यो र त्यसपछि २०७४ सालमा करिब २० वर्षपछि नेपालमा पुनः संसदीय चुनाव भयो । यो बेला देशमा गणतन्त्र आइसकेको थियो । देशको शासकीय पद्धति पनि परिवर्तन भइसकेको थियो र सङ्घीयतामा गइसकेको थियो । स्थानीय तह र प्रदेशदेखि सङ्घसम्मको निर्वाचन निकै उत्साहप्रद रह्यो । तथापि त्यसपछिका संसद्मा पनि सांसदहरूले आफ्नो संसदीय मर्यादालाई जोगाइराख्न सकेनन् । न संसदीय दलहरूले आफ्ना विधि र मान्यताहरूको ख्याल गरे । त्यसपछि पनि विभिन्न बहानामा संसद् भङ्ग गर्नेजस्ता असंवैधानिक कदमहरू जबर्जस्ती चालिए । धन्न न्यायालयले त्यसलाई रोक्दै संसद् विघटनको परिकल्पनामा समेत रोक लगाइदियो । सांसदहरू आफैँले बनाएको संविधानमा संसद् विघटनको परिकल्पना थिएन । वा जुनसुकै शब्दहरू वा धारा, उपधाराहरू राखिए पनि मर्म भने त्यस्तो थिएन । त्यसपछिका संसदीय गतिविधि हेर्ने हो भने ती पनि चित्त बुझ्दा छैनन् । संसदीय मर्यादा, मान्यता, मर्म र संसदीय अभ्यासको विश्वव्यापी नियम र प्रचलनहरूलाई हाम्रा संसादहरूले आत्मसात् गरेको देखिँदैन ।

एउटा दलले अर्को दलको विरोधमा वा सामान्य कुरामा पनि संसद्‌को बैठकहरू अवरुद्ध हुँदा त्यसले कति क्षति पु¥याउँछ भन्ने कुनै गणितीय हिसाब हुँदैन तर त्यसको असर भने जनताको दीर्घजीवनमा निकै नकारात्मक तरिकाले परिरहेको हुन्छ । एकातिर संसदीय दल र संसदीय अभ्यासप्रति आम जनताको भरोसा टुट्दै जान्छ । जनताको जीवनलाई सम्बोधन गर्ने नीति, ऐन, कानुन निर्माण अवरुद्ध भइरहेका हुन्छन् । संसद् अवरुद्ध हुँदा वा त्यसको नियमितता बिथोलिँदा सरकारलाई खबर गर्ने थलो हुँदैन र सरकार एकाङ्की हुनजान्छ । संसद् भनेको शक्ति पृथकीकरणको एउटा अभिन्न अङ्ग पनि हो । संसद् बिना सरकार निरङ्कुश हुँदै जान्छ र शासकीय महत्काङ्क्षाहरू नकारात्मकतातिर बढ्दै जान्छन् । प्रतिपक्षले आफ्ना कुराहरू राख्न पाउँदैनन् । जनताका समस्याहरू सुनाउने थलोको अभाव हुन जान्छ । एक प्रकारले संसद् बिथोलिँदा सारा जनताको आशा र भरोसा पनि बिथोलिइरहेको हुन्छ । तसर्थ संसद्‌लाई विशुद्ध जनताको मात्रै थलो बनाऔँ । यसलाई राजनीतिक स्वार्थ पूरा गर्ने हतियारका रुपमा धारिलो बनाउने प्रयास नगरौँ । रासस

# रासससकर्मी यादव पुरस्कृत




**मधेशदृष्टि**
**राजविराज ।**
लोकेन्द्र स्मृति दिवसका अवसरमा नेपाल पत्रकार महासङ्घ शाखा सप्तरीद्वारा हरेक वर्ष उपलब्ध गरिँदै आइएको पत्रकारिता पुरस्कार यस वर्ष रासससकर्मी अरुणकुमार यादवलाई प्रदान गरिएको छ ।

एकतिसौँ स्मृति दिवसका शुक्रबार आयोजित एक कार्यक्रममा १६ वर्षदेखि पत्रकारिता गर्दै आएका यादवलाई पाँच हजार पाँच रुपैयाँसहित उक्त पुरस्कार प्रदान गरिएको हो । पत्रकार महासङ्घ जिल्ला शाखाद्वारा स्व पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृतिमा उक्त पुरस्कारको स्थापना गरिएको थियो । कार्यक्रममा उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य न्यायाधीश वामदेव ज्ञवालीले हनुमाननगर कङ्कालिनी नगरपालिका–२ का पत्रकार यादवलाई नगदसहित सम्मानपत्र प्रदान गरे । उनले पत्रकारिता पेसा सत्य, तथ्यमा आधारित भई समाज परिवर्तनका लागि हुनुपर्नेमा जोड दिए ।

जिल्लास्थित नेपाल पत्रकार महासङ्घको अध्यक्ष श्रवणकुमार देवकको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रीय सदस्यद्वय राजु विश्वकर्मा, ललिता साह, पूर्वअध्यक्ष धीरेन्द्र साह, विष्णुकुमार मण्डल, मुरलीप्रसाद यादव, वैद्यनाथ झा, प्रेस युनियनका अध्यक्ष विनयलाल कर्ण, प्रेस मञ्चका अध्यक्ष भुषण सिंह, प्रेस समाजवादी सङ्गठनका अध्यक्ष अनिल पोखरेल, प्रेस सङ्गठनका अध्यक्ष विन्दु यादव, पत्रकार अनिलअनल विन्दु यादव, अनिल पोखरेललगायत व्यक्तिको सहभागिता थियो । नेपाल पत्रकार महासङ्घका कार्यसमिति सदस्यसमेत रहनुभएका यादव १० वर्षदेखि राष्ट्रिय समाचार समिति (रासस)मा जिल्ला समाचारदाताका रूपमा कार्यरत छन् ।

# रौतहटमा हात्तीको उपद्रोबाट स्थानीय त्रसित

**मधेशदृष्टि**
**रौतहट ।**
लामो समयदेखि रौतहटमा पर्सा राष्ट्रिय निकुञ्जबाट आएका जङ्गली हात्तीले उपद्रो मच्चाउँदा स्थानीय त्रसित बनेका छन् । हात्तीले रौतहटको चन्द्रपुर, गुजरा, बृन्दावन र फतुवा विजयपुर नगरपालिकाको विभिन्न वडामा दिनहुँजसो उपद्रो मच्चाइरहेका छन् । विगत वर्षमा केही दिन आएर बसेर जाने जङ्गली हात्ती यस वर्ष भने असारदेखि नै यसै क्षेत्रमा बसेर उपद्रो मच्चाइरहेको स्थानीयले बताएका छन् । हात्तीले मकैबारी, केराबारी, आलुबारी, गहुँबारीका साथै घर नै भत्काउन थालेका छन् । हात्तीले बढीजसो केराबारी नष्ट गरेको पाइएको छ । हात्तीको बथानले रौतहटको चन्द्रपुर–३ गैँडाटार र चन्द्रपुर ३ जुडिबेलामा लगाइएको केराखेतीमा क्षति पु¥याएको छ ।

हात्तीले पटक–पटक गरेर करिब एक बिघामा लगाएको केराखेती नष्ट गरेको चन्द्रपुर–३ गैँडाटारका किसान लालबाहादुर दोङले जानकारी दिए । फल्ने बेला भएको करिब सात सय केराको बोट नष्ट गरेको उनको गुनासो छ । दोङले चन्द्रपुर–२ जुडिबेलामा जमिन भाडामा लिएर केराखेती गर्दै आएका छन् । केराखेतीको बीमा नहँ◌ुदा समस्या भएको उनको भनाइ छ । जुडिबेलामा उहाँसहित हर्क घिसिङ, चमेली मायालगायतको बिघाँ◌ैबिघा जमिनमा लगाएको केराबारी हात्तीले नष्ट गरेको छ । यसैगरी चन्द्रपुर–३ गँ◌ैडाटारमा पनि हात्तीले केराबारीमा विध्वंस मच्चाएको छ । सो गाउँका हरिशरण गौतमको १३ कट्ठामा लगाएको चार सय बोट, दीपक गौतमको ८५ बोट, सम्पूर्ण चौहानको दुई सय ५० बोट र अनिल भण्डारीको ५० बोट केरा नष्ट गरेको स्थानीय दीपक गौतमले जानकारी दिए । उनका अनुसार खडानन्द गौतमको पाँच कट्ठाको मकै, सोमप्रसाद गौतमको तीन कट्ठाको मकै र बाबु योञ्जनको चार कट्ठाको मकैखेतीमा हात्तीले क्षति पुऱ्याएको छ । हात्तीको बथानले चन्द्रपुर नगरपालिकामा आठ र फतुवा विजयपुर नगरपालिका–११ मा चार घर भत्काएको छ । हात्तीले चन्द्रपुर–३ गैँडाटारमा सात र वडा नम्बर २ जुडिबेलामा एउटा घर



भत्काएको स्थानीयले जानकारी दिएका छन् । गैँडाटारमा सन्तबहादुर रुम्बा, मीना राई, छेनामसिंह लोप्चन, बली माया लोप्तन, बोम्जन साइँला, सुबास ठोकर र साइँला गोलेको घर हात्तीले भत्काएको स्थानीय राजु धामीले जानकारी दिए ।

यसैगरी कालापानी सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा निर्माण गरेको उद्यान र पानीघट्टमा पनि हात्तीले क्षति पु¥याएको छ । फतुवा विजयपुर नगरपालिका–११ भैसही र बुटवा बस्तीमा हात्तीले चार घर भत्काएको छ । स्थानीय विजय चौधरीका अनुसार उदय चौधरी, मिलन मगर, हरिशरण मैनालीलगायत स्थानीयको घरमा हात्तीले क्षति पु¥याएको हो । हात्ती नियन्त्रण गर्न डिभिजन वन कार्यालयका प्रमुख हेमन्तप्रसाद साहले ‘इनालाइजर’ (वन्यजन्तुलाई हल्का झट्का दिने उपकरण) प्रयोग गर्नुपर्ने बताएका छन् । हात्तीले उपद्रो मच्चाउन थालेपछि रोकथामका लागि सो उपकरण प्रयोग गर्नुपर्ने उनले बताए । पर्सा राष्ट्रिय निकुञ्ज अमलेशगञ्जका प्रमुख रामचन्द्र खतिवडासँग परामर्श गरेर सो ‘इनालाइजर’ प्रयोग गर्नु नै हात्ती रोक्ने मुख्य उपाय भएको उनले बताए । ‘इनालाइजर’ खरिद गर्न चन्द्रपुर र फतुवा विजयपुर नगरपालिकामा सहयोगका लागि आफूले पत्राचार गरेको प्रमुख साहले बताए । हात्तीले क्षति पु–याएका व्यक्तिलाई डिभिजन वन कार्यालयले क्षतिपूर्ति दिने भएको छ । हात्तीको आक्रमणबाट ज्यान गुमाएका, घाइते भएका, घर भत्काएका, बालीमा क्षति भएको यकिन गरेर क्षतिपूर्ति दिने प्रावधान रहेको प्रमुख साहले बताए ।

# शीतलहरले जनजीवन प्रभावित



**मधेशदृष्टि**
**महोत्तरी ।**
विगत पाँच दिनदेखि अविरल रुपमा चिसो स्याँठ चल्नुका साथै शीतलहरले महोत्तरीसहित तराई मधेशमा जनजीवन प्रभावित भएको छ । लगातारको चिसो वायुले तराईका जिल्लामा दैनिक रुपमा जाडो बढेको बढ्यै भएपछि जनजीवन प्रभावित भएको हो । निरन्तरको चिसो कठ्याग्रिँदो हावा, शीतलहर, हुस्सु र बाक्लो कुहिरोका कारण पशुचौपाया तथा बालीनाली समेत प्रभावित बनेका जलेश्वर– ७ का वीरेन्द्र शर्माले बताए । चिसोकै कारण सदरमुकाम जलेश्वरमा नागरिकको चहलपहलमा कमी आएको छ । बाक्लो कुहिरोका कारण यातयातका कमै चल्न थालेका छन् । जिल्लाका विभिन्न बजारमा बाक्लो ऊनी कपडाको बिक्रीमा बढोत्तरी भएको छ । चिसोले हाट बजारमा चहलपहल घटेको छ । चिया व्यापार भने बढेको जलेश्वर नगरपालिका–१ का चिया पसले उमेश साहले बताए । चिसोकै कारण जिल्लाका विभिन्न स्वास्थ्य केन्द्र तथा जिल्ला अस्पतालमा बिरामीको संख्या ह्वात्तै बढेको चिकित्सकहरु बताउँछन् । जाडोबाट सबैभन्दा बढी बालबालिका, वृद्धवृद्धा र सुत्केरी प्रभावित भएका छन् । चिसोको कारण बालबालिका, वृद्धवृद्धा र सुत्केरीमा रुघाखोकी, ज्वरो, दम, हातगोडा सुनिने, दुख्ने लगायतका समस्या देखिएको छ । जाडोबाट बच्न ठाउँठाउँमा स्थानीयले आगो बालेर घुर तापिरहेका छन् । जाडोकै कारण ग्रामीण भेगमा बस्तुभाउलाई समेत समस्या भएको जलेश्वर–१० का सहदेव मण्डलले बताए ।

# सर्वसाधारणलाई आगो ताप्ने व्यवस्था

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा चिसो बढ्दै गएपछि सशस्त्र प्रहरीले जनकपुरधाम बजारसहित विभिन्न स्थानमा सर्वसाधारणलाई आगो ताप्ने व्यवस्था मिलाएको छ । धनुषाका विभिन्न स्थानमा दाउरा उपलब्ध गराई आगो ताप्ने व्यवस्था मिलाइएको हो । चिसोबाट बालबालिका, वृद्धवृद्धा तथा कमजोर वर्गका नागरिकलाई जोगाउन र समुदायस्तरमा सचेतना अभिवृद्धि गर्न कार्य भइरहेको धनुषाका सशस्त्र प्रहरी उपरीक्षक दर्शन गिरीले बताए । डिभिजन वन कार्यालय धनुषासँगको समन्वयमा जनकपुरधाम बजारलगायतका प्रमुख क्षेत्रमा दाउरासहित व्यवस्थित रूपमा आगो ताप्ने स्थान निर्माण गरिएको उनले बताए । आगो ताप्ने स्थान सुरक्षित र सहज हुने गरी व्यवस्थापन गरिएकाले चिसोबाट प्रभावित नागरिकलाई प्रत्यक्ष रूपमा मिल्ने जनाइएको छ ।

# मोटरसाइकल दुर्घटनामा वृद्ध गम्भीर घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिकामा मोटरसाइकल दुर्घटना हुँदा एकजना वृद्ध गम्भीर घाइते भएका छन् । वीरगंजदेखि हुलाकी सडक खण्डको जिराभवानी गाउँपालिका वडा नम्बर–१ जगतिया चौकमा ग ४ प ३५८ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदल यात्री ७० वर्ष बाबुलाल राय यादव घाईते भएका हुन् । मोटरसाईकलको ठक्करबाट यादवको दाहिने खुटा भाँच्चिएको र उपचारको लागि वीरगंजको एल एस न्युरो अस्पतालमा पठाइएको ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौली प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिए । ठक्कर दिने मोटरसाइकल चालक र मोटरसाइकलमा सवार तिन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सखुवापर्सौनी गाउँपालिका वडा नम्बर–२ का १७ बर्षीय साहिल चौधरी, सोही स्थानका १७ बर्षीय राहुल भैया थारु र वर्ष १६ का बिक्की चौधरी रहेका छन् । पक्राउ परेका उनीहरुलाई आवश्यक कार्वाहीको ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीमा पठाइएको प्रहरी चौकी महादेवपट्टीका प्रहरी सहायक निरीक्षक बिनोद साह कलावारले जानकारी दिए ।

# श्रीनिधि सहकारीको वार्षिक साधारणसभा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ७ मा रहेको श्रीनिधि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १३ औं वार्षिक साधारणसभा शुक्रवार सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन समारोहमा राष्ट्रिय सहकारी महासंघ नेपालका संचालक शम्भु गुप्ताले सहकारी ऐन संशोधन नभए राम्रो सहकारी संस्थाका संचालकहरु पल्यान हुन सक्ने उच्च जोखिम रहेको बताएका छन् ।

सहकारी ऐन सहकारीको हितमा नभएको गुप्ताले बताएका छन् । कार्यक्रममा संस्थाका कार्यकारी



अधिकृत चन्देश्वर चौरसियाले संस्थामा हाल कारोबार ८२ करोड ६३ लाख ७७८० शेयर पुँजी ३ करोड २९ लाख १४ हजार र संस्थामा बचत ६३ करोड ७८ लाख ४० हजार रुपैयाँ रहेको र संस्थामा जगेडा कोष ४ करोड १६ लाख ७८ हजार ७१७ रहेको बताए । संस्थाले ऋण लगानी ५६ करोड ५२ लाख ११ हजार रुपैयाँ रहेको जनाएको छ । संस्थाले खुदनाफा १ करोड २८ लाख १९ हजार कमाउन सफल भएको छ ।

साधारणसभामा जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका अध्यक्ष राजेश पण्डित, संघका महासचिव जिष्णु बराल, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन)का पूर्व संचालक सदस्य हरेराम पटेल, कोअपरेटिभ म्यानेजर्स क्लब पर्साका अध्यक्ष रवि भूषण श्रीवास्तव, राष्ट्रिय सहकारी बैंकका प्रमुख संजय महतो, बिस्को अध्यक्ष डिल्ली बिक्रम कार्की लगायतले शुभकामना दिएका थिए । श्रीनिधि बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष प्रेम चुडामणि बज्राचार्यको अध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघ नेपालका संचालक शम्भु गुप्ताको प्रमुख आतिथ्यमा सो वार्षिक साधारणसभा सम्पन्न भएको हो ।

# औषधि बोकेको पिकअप र गहुँ बोकेको ट्याक्टर नियन्त्रणमा

मधेशदृष्टि
रौतहट ।
रौतहट प्रहरीले अवैध रुपमा भित्राउदै गरको कीटनाशक औषधि बोकेको पिकअप गाडी र गहुँ बोकेको ट्याक्टर नियन्त्रणमा लिएको छ । बिलबिजक र सामान फरक देखिएपछि प्रहरीले शंका जनाउँदै दुवै गाडी नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय गौरबाट गइरहेको गस्ती टोलीले गए राति सिया पैलेस होटेल अगाडि गहुँ बोकेको ना २ त १६५० नम्बरको ट्याक्टर र कीटनाशक औषधि बोकेको ना २ त ७७६१ नम्बरको पिकअप गाडी जाँच गर्दा बिलबिजक र सामानमा फरक देखिएको जिल्ला प्रहरीका सहप्रवक्ता इन्स्पेक्टर उमाशङ्कर प्रसादले जानकारी दिए । प्रहरीले बरामद गरेका सामग्रीहरूसहित गाडी र चालकलाई अनुसन्धानका लागि आज आन्तरिक राजस्व कार्यालय, बारा पथलैया पठाइएको छ । गहुँ बोकेको ट्याक्टरका चालक गौर नगरपालिका–५ निवासी ४५ वर्षीय सञ्जीव यादव र पिकअप गाडीका चालक ३० वर्षीय सुनिल यादवलाई समेत अनुसन्धानका लागि पठाइएको प्रहरीले जनाएको छ । प्रहरीले सामान तथा बिलबिजकको विसङ्गतिलाई ध्यानमा राख्दै आवश्यक कानुनी प्रक्रिया अघि बढाउने जनाएको छ ।

# चिसोको कारण एक जनाको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।**
चिसोको कारण सिरहामा एक जनाको मृत्यु भएको छ । पछिल्लो केही दिनयता तराईमा बढेको अत्यधिक चिसोका कारण कठ्याङ्ग्रिएर गोलबजार नगरपालिका वडा नम्बर ८ का ३५ वर्षीय मोहमद अक्तर अलिको मृत्यु भएको जिल्ला प्रहरी सिरहाले जनाएको हो । मधुमेह रोगबाट ग्रसित अक्तरको न्यानो कपडा र राम्रो वासस्थान नहुँदा जाडो खप्न नसकेर मृत्यु भएको उनका छोरा सलमानले बताए । गरिबीका कारण न्यानो कपडा र राम्रो बस्ने घरसमेत नरहेको सलमानको भनाई छ । यता अत्यधिक चिसो बढेपछि सिरहाका विभिन्न पालिकाहरूले एक सातासम्मका लागि विद्यालय बन्द गरेका छन् ।

# रेडक्रसको नयाँ कार्य समिति चयन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगन्ज महानगरपालिका वडा नम्बर १० मा नेपाल रेडक्रस सोसाइटी आदर्शनगर उपाशखाको नयाँ कार्य समिति चयन गरिएको छ । शुक्रबार सम्पन्न रेडक्रस सोसाइटी आदर्शनगर उपशाखाको ४१ औं अधिवेशनले पुन सन्तोष गुप्ताकै सभापतित्वमा नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको हो । जसको उपसभापतिमा डौल दुबे, कोषाध्यक्षमा प्रमान्द साह कानु, सदस्यहरुमा प्रभाकर गुप्ता, सन्तोष कुमार साह, शोभा देवी, राकेश कुमार साह, रमेश साह, सुदामा बर्णबाल, रवि श्रीवास्तव लगायतका रहेका निर्वाचन अधिकृत विनोद गिरीले जानकारी दिए ।

# सिरहा भन्सारमा 'प्लान्ट क्वारेन्टिन' नहुँदा राजस्व संकलनमा असर




**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको माडरस्थित प्रमुख भन्सार कार्यालयमा 'प्लान्ट क्वारेन्टिन' नहुँदा भन्सारको राजस्व संकलनमा असर पुगेको छ । नेपाल–भारत दुई देशबीच मुख्यगरी तरकारी, खाद्यान्न र फलफूल आयत निर्यातमा समस्या खेप्दै आएको सिरहाका प्रमुख भन्सार अधिकृत तोयानाथ सापकोटाले बताए । 'यहाँ मासिक एक करोड रुपैयाँभन्दा बढी राजस्व सङ्कलन हँुदै आएको छ, तर प्लान्ट क्वारेन्टाइन सेवा नहुँदा भारतमा उत्पादन हुने कृषि उत्पादन यो नाका हुँदै पैठारी गर्न र नेपालमा उत्पादित कृषिजन्यउपज भारत निकासी गर्न कठिनाइ हुँदै आएको छ', उनले भने, 'व्यवसायी र कृषकले समस्या भोग्नुपरेको छ, चोरी निकासी र पैठारी नियन्त्रण हुन सकिरहेको छैन ।' क्वारेन्टिन कार्यालय नहुँदा एकातिर व्यापारी निरुत्साही हुँदै गएका छन् भने अर्कातिर भन्सार अगाडिको सडकखण्डमा घण्टौंसम्म नेपाल भित्रिने मालबाहक सवारीसाधन लाम लाग्ने गरेका छन् । प्रमुख भन्सार अधिकृत सापकोटाका अनुसार नेपाल प्रवेश गर्ने मालबाहक सवारीसाधनको क्वारेन्टाइन प्रक्रियाकै लागि घण्टौं लाग्ने हुँदा सडकमै सवारीसाधन पार्किङ गर्नुपर्ने समस्याले आवागमन समेत प्रभावित हुने गरेको छ ।

माडर भन्सार भएर दलहन, फलफूल, तरकारी तथा पशुपन्छी र दुधजन्य वस्तु आयात निर्यातमा समस्या भएको छ भने खाद्य, तेल, मैदा, दाना, बेकरीसँग सम्बन्धित उद्योग प्रभावित भएका छन् । वार्षिक १२ करोड रुपैयाँभन्दा बढी राजस्व उठाउने यस भन्सार कार्यालयमा विषादी चेक गर्ने सामान्य प्राविधिक कर्मचारीको अभावमा प्लान्ट क्वारेन्टिन सेवा नहुनु दुःखद् विषय भएको प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको भनाइ छ । उनले भने, 'यहाँको नाकामा प्लान्ट क्वारेन्टिन सेवा नहुँदा भन्सार कारोबारमा प्रभाव परेको छ । भन्सारको ९० प्रतिशत आम्दानी कृषजन्य वस्तु आयातबाट हुने हो । राजस्व छली नियन्त्रण गर्न पनि जिल्लामा प्लान्ट क्वारेन्टिन सेवा अनिवार्य छ ।' क्वारेन्टिन नभएपछि व्यवसायीले पूर्वमा विराटनगर भन्सार कार्यालय तथा पश्चिममा जलेश्वर भन्सार कार्यालय भएर सामान निर्यात गर्नुपरेको छ । यसरी लामो दूरी तय गर्दा ढुवानी खर्च बढ्न गई उपभोक्ता चर्को मूल्यवृद्धिको मारमा पर्ने गरेका जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष विकास सारडाको भनाइ छ । उनले भने, 'भन्सारको मुख्य आम्दानी नै कृषिजन्य वस्तु हो, त्यसैले यहाँ जति सक्दो चाँडो प्लान्ट क्वारेन्टिन स्थापना गर्नुपर्छ । स्थापनापछि राजस्व असुली अहिलेको तुलनामा तीन गुणा वृद्धि हुनेछ ।'

प्रमुख भन्सार अधिकृत सापकोटाका अनुसार प्लान्टक्वारेन्टिनको समस्यालाई समाधान गर्न विगतदेखि पटकपटक सम्बन्धित मन्त्रालय र विभागबाट प्रयासहरु भए पनि हालसम्ममा सार्थकता पाउन सकेको छैन । विसं २०७८ असोजमा अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित भन्सार कार्यालयले उपलब्ध गराएको कार्यकक्ष प्रयोग गरी कृषिजन्य वस्तुको आवश्यक निरीक्षण परीक्षण गरी छोडपुर्जी जारी गर्ने गरी क्वारेन्टाइन सम्पर्क विन्दु स्थापना गर्ने तथा उक्त सम्पर्क विन्दुमा काम गर्न हाल कार्यरत क्वारेन्टाइन कार्यालय कृष्णनगर, भैरहवा र जलेश्वरबाट एक÷एक प्राविधिक कर्मचारी भन्सार कार्यालय क्रमशः सुठौली, महेशपुर र सिरहालाई उपलब्ध गराउने निर्णय भएको थियो । त्यसको भोलिपल्टै कृषि तथा पशुपन्छी विकास मन्त्रायले सोहीअनुरुप गर्न भनी प्लान्ट क्वारेन्टिन तथा बिषादी व्यवस्थापन केन्द्र हरिहरभवन, ललितपुरलाई पत्र लेखेको थियो । प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र हरिहरभवनबाट उक्त निर्णय अविलम्ब कार्यान्वयन गर्न भनी क्वारेन्टाइन कार्यालय जलेश्वर, भैरहवा र कृष्णनगरलाई सम्बोधन गरी पत्राचार भएको प्रमुख भन्सार अधिकृत सापकोटाले बताए । यहाँ खटिइ आउने कर्मचारीका लागि आवश्यक कार्यकक्ष उपलब्ध गराई सहयोग गर्न भनी भन्सार विभाग त्रिपुरेश्वरबाट २०८० जेठ २४ गते भन्सार कार्यालय सिरहा, महेशपुर र सठौलीलाई पत्राचार समेत गरिएको थियो । उक्त निर्णय तथा पत्राचार भएको लामो समयसम्म पनि प्लान्ट क्वारेन्टिनको व्यवस्था नभएपछि सेवा प्रवाहमा समस्या भएको उनले बताए ।

# नदी किनारको अतिक्रमण हटाउन महानगरको आग्रह

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले नदी किनार अतिक्रमण गरी निर्माण गरिएका संरचना खाली गर्न सूचना जारी गरेको छ ।

महानगर भित्र बहने सिरिसिया, तिलावे र सिंगहा नदी अतिक्रमण गरी बनाइएका संरचना तत्काल हटाउन र उक्त नदीको केन्द्र भागबाट ३० मिटर भित्र कुनै पनि संरचना निर्माण नगर्न पनि सूचनामा चेतावनी दिएको छ । महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले शुक्रबार एक सूचना जारी गर्दै महानगरपालिकाको बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड तथा भवन निर्माण इजाजत सम्बन्धी कार्यविधी २०७५ को दोस्रो संशोधन २०७८ अनुसार मात्रै संरचना बनाउन पनि सबैमा अनुरोध गरेका छन् । सिरिसिया, तिलावे र सिंगहा नदीको केन्द्र भागबाट ३० मिटर दायाँ बायाँ छाडेर मात्रै संरचना बनाउन र ३० मिटर भित्र रहेका संरचना १५ दिनभित्र खाली गर्न सूचनामा उल्लेख छ । कर्णले जारी गरेको सूचनामा भनिएको छ, ' सिरिसिया, तिलावे र सिंगहा नदीको केन्द्र भागबाट ३० मिटर दायाँ बायाँ भित्र निर्माण कार्य नगर्न नगराउन साथै सो भित्र निर्माण भएका संरचना १५ दिनभित्र खाली गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।' नदी अतिक्रमण गरेर संरचना बनाउँदा नदीको बहाव रोकिएर वर्षायाममा डुबानको समस्या आउने हुँदा नदीको आधार क्षेत्रमा कुनै पनि संरचना नबनाउन महानगरले आग्रह गरेको हो ।

# किसानको जग्गा लिलाम गरेको विषयमा छानबिन गर्ने माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश सभा सदस्य राजकुमार गुप्ताले कृषि विकास बैंक सिरहा लहान शाखाले प्रक्रिया मिचेर किसानको जग्गा लिलाम गरेको विषयमा छानबिन गर्न सरकारसँग माग गरेका छन् ।

मधेश प्रदेश सभाको चौथो अधिवेशनको बैठकको शुन्य समयमा सम्बोधन गर्दै सदस्य गुप्ताले किसान रामचन्द्र यादव आन्दोलन गरेपछि बैंकले पुस ११ मा आवश्यक प्रक्रिया पूरा गरी जग्गा फिर्ता ल्याउने सहमति गरेपनि सहमतीको कार्यान्वयन गर्न नचाहेको बताए । उनले सहमतिअनुसार बैंकले जग्गा फिर्ताको प्रक्रिया अगाडि नबढाउँदा पीडित ज्यान दिन तयार रहेको बताए ।

यस्तै, मधेश प्रदेशकी प्रदेश सभा सदस्य बिना देवी शर्माले भूमिहिन सुकुमबासीको व्यवस्थापनका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् । उनले भूमिहिन र सुकुमबासीको उचित व्यवस्थापन गर्नुपर्ने आवश्यक्ता औँल्याए ।

सार्वजनिक जग्गामा पाल लगाएर बस्ने भूमिहिनको व्यवस्थापनका लागि पहल गर्न उनले आग्रह गरे । यस्तै शुन्य समयमा बोल्दै प्रदेश सभा सदस्य सिंहासन साह कलवारले वीरगंजमा धानखेतीको आगलागी पीडितलाई क्षतिपूर्ती दिलाउन माग गरे ।

वीरगंज महानगरपालिका वडा नम्बर २२ मा हरेन्द्र यादवको खेतमा जम्मा गरिएको धानमा आगो लगाउनेलाई कारवाही गर्न पनि उनले ध्यानाकर्षण गराए ।

# जनकपुर साहित्य महोत्सवको तयारी तीव्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नव मिथिला फाउण्डेशनले आगामी माघ २४ गतेदेखि शुरू हुने छैटौं जनकपुर साहित्य महोत्सव २०८१ को तयारीलाई तीव्र बनाएको छ । महोत्सवको महत्वपूर्ण अंशको रूपमा शुक्रबारदेखि कथावाचन कार्यशाला गोष्ठी शुरू भएको हो । प्रसिद्ध बाल साहित्य विज्ञ राजीव धर जोशीको नेतृत्वमा शुरू भएको गोष्ठीमा शिक्षकलाई रचनात्मक कथावाचन प्रविधिहरू सिकाइने छ । यस सिकाईले विद्यार्थीहरूलाई प्रेरित गर्न र कक्षामा सिकाइ सुधार्न मद्दत पुर्याउँछ । प्रतिस्पर्धाको माध्यमबाट बालबालिकाहरूको सिर्जनशीलता र प्रतिभा उजागर गर्न यो अवसर प्रदान गरिएको नव मिथिला फाउण्डेशनका अध्यक्ष अमित कुमार साहले बताए ।

नव मिथिला फाउण्डेशनले महोत्सवको माध्यमबाट बालबालिकाहरूको सिर्जनशीलता र प्रतिभा उजागर गर्ने अवसर प्रदान गर्ने उद्देश्य राखेको छ । यसबाट विद्यार्थीहरूलाई विभिन्न प्रतिस्पर्धाहरू मार्फत आफ्नो कला र विचारको प्रस्तुत गर्ने मौका मिल्नेछ । महोत्सवको उद्घाटन माघ २४ गते जनकपुरधामको प्रसिद्ध राम मन्दिर परिसरमा हुनेछ । यस महोत्सवको तीन दिवसीय कार्यक्रम २६ गतेसम्म चल्नेछ । महोत्सवमा साहित्य, संगीत, सिनेमा, संस्कृति, पहिचान, समाज र राजनीति जस्ता विभिन्न क्षेत्रका ओपन–एयर प्यानलमा छलफल हुने कार्यक्रम राखिएको छ । महोत्सवका आयोजक नवमिथिला फाउण्डेशनका अध्यक्ष अमित कुमार साहले यस महोत्सवमा नेपालका साहित्यकार, राजनीतिज्ञ, कलाकार, संगीतकार र लेखकहरूको सहभागिता जानकारी दिएका छन् । महोत्सवको मुख्य उद्देश्य मिथिलाको समृद्ध संस्कृति र सांस्कृतिक धरोहरलाई उजागर गर्नुका साथै देशभरिका साहित्यप्रेमीहरूलाई एकत्रित गरि यस क्षेत्रको पर्यटन र सांस्कृतिक धरोहरको प्रवद्र्धन गर्नु हो ।

उपाध्यक्ष आदित्य नेपालले महोत्सवको उद्देश्यलाई 'धरातल, संस्कृति र संस्कारको उत्सव'को रुपमा प्रस्तुत गर्दै यसलाई नयाँ र परिस्कृत ढंगले सञ्चालन गर्ने योजना बनाइरहेको बताए । फाउण्डेशनले महोत्सवका लागि विविध सुझाव र विचारहरू संकलन गरिरहेको छ । यसले यस महोत्सवलाई अझ प्रभावकारी र उत्साहजनक बनाउन मद्दत पुर्याउने विश्वास गरिएको छ । फाउण्डेशनका अध्यक्ष साहले महोत्सवलाई सफल बनाउन सबैको सामूहिक प्रयासको आवश्यकता औंल्याएका छन् । महोत्सवमा सहभागी हुने विशिष्ट व्यक्तिहरूका बारेमा जानकारी दिँदै उनले यस महोत्सवले समग्र मिथिला क्षेत्रको सांस्कृतिक र साहित्यिक धरोहरलाई अझ मजबुत बनाउने र यस क्षेत्रको पर्यटन प्रवद्र्धनमा ठूलो योगदान पुर्याउने विश्वास व्यक्त गरिएको बताए । जनकपुर साहित्य महोत्सव २०८१ ले साहित्य र संस्कृति प्रेमीहरूलाई एकजुट गर्नका साथै मिथिलाको पहिचान र परम्परालाई जिवित राख्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास राखिएको छ ।

# पृथ्वी जयन्तीमा विश्व हिन्दू महासंघद्वारा प्रवचन गोष्ठी




**मधेशदृष्टि**
**वीरगंज ।**
पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिले नेपाल प्रज्ञा प्रतिष्ठानको लेखनाथ कक्षमा एक प्रवचन गोष्ठी आयोजना गर्यो । महासंघका नवनिर्वाचित अध्यक्ष अस्मिता भण्डारीको सभापतित्वमा प्रमुख अतिथि पूर्व प्रधान सेनापति प्यारजङ्ग थापा र प्रमुख वक्ता त्रि वि इतिहास संस्कृति विभागाध्यक्ष प्रा. डा. विणा पौडेल रहेका थिए । बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको दूरदर्शिता, आजका चुनौती र हाम्रो भुमिका विषयक गोष्ठी कार्यक्रमका अन्य वक्ताहरूमा किराँत धर्मगुरु डा चन्द्रकुमार शेर्मा, बौद्ध धर्म गुरु शिव औतारी लामा, श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष श्यामकृष्ण शर्मा, नेपाल जैन परिषदका अध्यक्ष बिमल चन्द्र राखेचा, पर्यटन व्यवसायी राजेन्द्र सापकोटा, वरिष्ठ अधिवक्ता विष्णु भट्टराई रहेका थिए ।

महासंघका सचिव भोला दाहालले संचालन गरेको कार्यक्रममा उपस्थित प्रमुख अतिथी लगायतलाई अध्यक्ष अस्मिता भण्डारीले मन्तव्यद्धारा स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै पृथ्वीनारायण शाहको नेपाल एकीकरणको योगदानलाई कुनै पनि नेपालीले भुल्न नहुने बताइन् । उनले भनिन्, 'जसले पृथ्वीनारायण शाहलाई मान्दैन त्यो नेपाली हुन सक्दैन । पौष २७ गते पृथ्वी जयन्तीलाई प्रत्येक नेपालीले हर्षोल्लासका साथ देश ब्यापी रुपमा मनाउनु पर्छ । र उहाँको तस्बिर अंकित हुलाक टिकट र नोट मुद्रण गरिनु पर्दछ ।' वैदिक बटुकहरुको स्वस्तिवाचन सहित दीप प्रज्वलन गरि शुभारम्भ भएको कार्यक्रमको शुभारम्भमा प्रमुख अतिथिसहित मञ्चस्थ सबैले पृथ्वीनारायण शाहको तस्वीरमा माल्यार्पण गरेका थिए । विश्व हिन्दू महासंघ नेपाल राष्ट्रिय समितिका उप सभापति अरुणकुमार पाण्डेले धन्यवाद मन्तव्य राखे ।

कार्यक्रमका सभापति महासंघका अध्यक्ष अस्मिता भण्डारीले मन्तव्यमा राष्ट्र निर्मातालाई राजसंस्था र राजनीतिसँग जोडेर हेर्न नहुने भन्दै राष्ट्र निर्माताको सम्मान नगर्ने व्यक्ति वास्तविक नेपाली नागरिक हुन नसक्ने बताइन् । प्रमुख अतिथी पूर्व प्रधान सेनापति प्यारजंग थापाले दिव्य उपदेशको चर्चा गर्दै आजको राजनीति अर्थनीति विदेश नीतिमा समेत दिव्योपदेश मार्गदर्शक हुन सक्ने बताए । कार्यक्रममा महासंघका उपाध्यक्ष राधेश्याम थापा, कोषाध्यक्ष गणेश रिमाल, केन्द्रीय सदस्य प्रदिपलाल श्रेष्ठ, दक्षिण एशियाली ज्योतिष महासंघका सभापति आचार्य लक्ष्मण पन्थी, नेपाल ज्योतिष परिषदका वरिष्ठ उपाध्यक्ष पं लेखनाथ न्यौपाने, विश्व हिन्दू महासंघ नेपाल राष्ट्रिय समितिका महासचिव उत्तमराज भण्डारी, कामधेनु गौशाला नवलपुरका संचालक गौदास बाबा लगायतको उपस्थिति रहेको थियो ।

# पोखरियाको विशेष नगर सभा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिकाले आर्थिक वर्ष २०८१र०८२ को ८ औं विशेष नगर सभा सम्पन्न गरेको छ । शुक्रबार एक कार्यक्रमकाबीच नगरपालिकाको सभा हलमा सर्वसहमतिले सभा सम्पन्न भएको हो । नगर प्रमुख प्रदुमन प्रसाद चौहानको अध्यक्षतामा भएको नगर सभाको विशेष नगर सभामा उपप्रमुख रुवी कुमारी ठाकुर, वडा नम्बर १ देखि १० सम्मका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरुले नगरपालिकाको कामकाजलाई अझ चुस्त दुरुस्त बनाउने विषयमा आआफ्नो सल्लाह सुझाव दिएका थिए ।



नगरपालिकाको कामलाई राम्रो भन्दा राम्रो बनाउन संघ र मधेश

कार्यक्रमलाई समबोधन गर्दै नगर प्रमुख चौहानले सो सलाह र सुझलावलाई मन्न गर्दै आगामी दिनमा नगरपालिकाको काम कारवाहीलाई नगरबासीको हितमा गर्ने बताए । प्रदेश सरकारसँग समन्वय गरेर अघि बढ्ने प्रमुख चौहानले बताए । उनले भने, 'हाम्रो स्थानीय सरकारको पालामा हामीले गरेको मिहिनेतले गर्दा पोखरिया अस्पताल प्रादेशिक असपतालमा परिणत भएको छ । र, चडै पोखरिया स्थित मालपोत कार्यालय र नापी कार्यालयको उद्घाटन हुन्छ । बाँकी रहेका जिल्ला प्रशासन कार्यालय, भूमि सुधार कार्यालयलगायत अन्य कार्यालयहरु पोखरियामा स्थापना गराउन दिन रात लागि परेको छु । कार्यक्रममा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तव, प्रशासन शाखा प्रमुख संजय कुमार पाण्डे, लेखा शाखा प्रमुख मन्दीप महतो, जिनसी शाखा प्रमुख मनोज साह, नगर प्रहरी ईन्चार्ज दिनेश प्रसाद चौहान, सञ्चारकर्मीलगायत स्थानीयको सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन